# रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन

**सुदर्शन काफ्ले**
**क्याम्पस रोल नं. : ४६/०६७**
**परीक्षा क्रमाङ्क : ४१४००४३/०६८**
**त्रि.वि.दर्ता नं. : ९-२-४१४-४६-२००२**

**त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. (५९८) पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र

**शिक्षाशास्त्र सङ्काय**
**नेपाली शिक्षा विभाग**
**मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस**
**मन्थली, रामेछाप**
**२०७१/2014**

# निर्देशकको सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्र शोधार्थी सुदर्शन काँलेले मेरो निर्देशनमा तयार गर्नुभएको हो । निकै मिहिनेत गरेर तयार पार्नुभएको शोधपत्रलाई मूल्याङ्कनका लागि सिफारिस गर्दछु .

........................................

श्री ईश्वर चौहान
शोध निर्देशक
शिक्षाशास्त्र सङ्काय
नेपाली शिक्षा विभाग
मन्थली सहिद स्मृति बहुमुखी
क्याम्पस, मन्थली, रामेछाप ।

मिति : २०७१/०८/२४

**त्रिभुवन विश्व विद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**नेपाली शिक्षा विभाग**
**मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस**
**मन्थली, रामेछाप**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि सुदर्शन काफ्लेले तयार गर्नु भएको **रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठीलेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त भएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.स. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | श्री ईश्वर चौहान<br>(शोध निर्देशक/विभागीय प्रमुख) | ................................ |
| २. | गुञ्जबहादुर श्रेष्ठ<br>(क्याम्पस प्रमुख) | ............................... |
| ३. | नारदकुमार थापा<br>(सदस्य) | ............................... |
| ४. | ............................<br>(शोधविशेषज्ञ) | ............................... |

मिति : २०७१/ /

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यकता पुरा गर्नका लागि तयार पारिएको हो । 'कक्षाा ८ मा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा प्रस्तुत शोधपत्र श्रद्धेय गुरु श्री ईश्वर चौहानज्यूको निर्देशनमा तयार पारिएको हो । आफ्ना समस्या र बाध्यतालाई पर पन्छाएर शोधपत्रको शीर्षक चयन, शोध प्रस्ताव लेखन र शोधपत्रको अन्तिम स्वरुप दिने समयसम्म आवश्यक प्रेरणा, सहयोग र कुशल निर्देशन दिनु हुने आदरणीय गुरु सहायक प्राध्यापक ईश्वर चौहानप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध शीर्षक, शोध प्रस्ताव र शोध पत्रका सम्बन्धमा पर्याप्त ज्ञान दिई हौसला प्रदान गर्ने गुरुहरु क्याम्पस प्रमुख श्री गुञ्जबहादुर श्रेष्ठ, सहायक क्याम्पस प्रमुख श्री टंकप्रसाद दहाल, सहायक प्राध्यापक श्री नारदकुमार थापा, श्री पेशल आचार्य, श्री विमल प्रसाद निरौला र लेखापाल शिववप्रसाद सुवेदीप्रति म कृतज्ञता ज्ञापन गर्दछु । मेरा हरेक कार्यमा सहयोग पुऱ्याउने मेरा सहृदयी मित्र नवीन के.सी., सावित्रा श्रेष्ठ, कपिला सुवेदीलाई हृदयदेखि नै आभार व्यक्त गर्न चाहान्छु । शोधपत्र लेखन कार्यमा सहयोग पुऱ्याउनु हुने विभिन्न विद्यालयका प्रधानाध्यापकज्यूहरु, नेपाली भाषाका शिक्षकहरु र विद्यालय परिवारका सम्पूर्ण सदस्यहरु पनि हार्दिक धन्यवादका पात्र हुनुहुन्छ । शोधका सन्दर्भमा सन्दर्भगत सहयोग प्राप्त सन्दर्भ ग्रन्थका लेखक तथा प्रकाशकहरुप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

अध्ययनका लागि उचित बन्दोवस्त मिलाइ दिनुहुने मेरा ममतामयी माता मञ्जु काफ्ले र पिता रामप्रसाद काफ्लेका साथै जीवनसँगिनी देविका पौडेल (काफ्ले), भाइ सुवास काफ्ले, दिदीबहिनी क्रमशः रिता, कविता, अनिता र सचिताप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस अनुसन्धानमूलक शोध कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मित्रहरुमा सधन्यवाद आभार व्यक्त गर्दछु । सुसाङ्ख्य टङ्कणमा सहयोग गर्ने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति धन्यवाद व्यक्त गर्दछु ।

**शोधार्थी**

सुदर्शन काफ्ले

# शोधसार

| | | |
|---|---|---|
| शोध शीर्षक | : | रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन |
| शोधार्थी | : | सुदर्शन काफ्ले |
| शोध निर्देशक | : | श्री ईश्वर चौहान |
| विभाग | : | नेपाली शिक्षा विभाग, मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस, मन्थली, रामेछाप |
| शैक्षिक वर्ष | : | २०६७/ २०६९ |
| जम्मा अध्याय | : | पाँच |
| पृष्ठ सङ्ख्या | : | १२+५८ |

**अध्ययन प्रक्रिया**

प्रस्तुत शोधपत्रमा रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन सिप सम्बन्धी विषयवस्तुको आधारमा लेखन कलाको पहिचान गरिएको छ । खासगरी चिठीको आरम्भ, विषयवस्तुको प्रस्तुति, समापन, भाषिक शुद्धता जस्ता पक्षलाई आधार बनाएर समस्याको पहिचान र समाधानका उपायहरुको खोजी गरिएको छ । यस क्रममा चिठी लेखन क्षमता पहिचान गर्नु, लैङ्गिक आधारमा चिठी लेखनका क्रममा देखिएका कमी कमजोरी पहिचान गरी निराकरणका उपायहरु प्रस्तुत गर्नु जस्ता उद्देश्यहरु राखिएको छ ।

रामेछाप जिल्लाका विभिन्न चार सामुदायिक विद्यालयका ४० जना विद्यार्थीलाई नमुना जनसङ्ख्या मानी गरिएको अध्ययनमा प्राथमिक र द्वितीय दुबै स्रोतको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । भाषिक अनुसन्धनका विधिहरु क्षेत्रीय अध्ययन, पुस्तकालयीय अध्ययन र वर्णनात्मक विधिको उपयोग गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा उद्देश्यसँग मेल खाने गरी शीर्षक र उपशीर्षकमा तालिकीकरण गरी स्तम्भ चित्रका साथ व्याख्या-विश्लेषण गरी निष्कर्ष प्रदान गरिएको छ ।

**अध्ययनको निष्कर्ष**

प्रस्तुत अध्ययन विभिन्न आवश्यक सामग्री जुटाएर कक्षा आठका विद्यार्थीहरुको चिठी लेखन क्षमता पहिचान गरिएको छ । यस क्रममा विद्यार्थीहरुको चिठी लेखन क्षमतालाई आरम्भ, विषयवस्तुको प्रस्तुति, चिठीको समापन, भाषिक शुद्धता र खामको नमुनालाई आधार बनाई मापन गरी परिणाम निकालिएको छ । प्राप्त परिणामलाई प्रतिशत, मध्यमान, मानक विचलन र सहसम्बन्धका आधारमा तथ्याङ्कीय विश्लेषण गरिएको छ । समग्र अध्ययनको निष्कर्ष निम्न अनुसार रहेको छ :

- पूर्णाङ्क १० मा आधारित विद्यार्थीहरुको प्राप्ताङ्कलाई तथ्याङ्कीय विश्लेषण गर्न तालिकीकरण गरी जम्मा विद्यार्थीको प्राप्ताङ्कको मध्यमान निकाल्दा ५.३२ रहेको छ भने प्राप्ताङ्कलाई प्रतिशतमा बदली प्रतिशताङ्क योगफलको मध्यमान ५३.२५ हुन आउँदछ ।

- समग्र विद्यार्थीहरुको प्रतिशताङ्क स्थितिको विश्लेषण गर्दा २६ देखि ५० प्रतिशत अङ्क ल्याउने ४७.५ र ५१ देखि ७४ प्रतिशत अङ्क ल्याउने ४२.५ प्रतिशत विद्यार्थी रहेका छन् । यसर्थ औषत विद्यार्थीहरुको चिठी लेखन क्षमता मध्यम रहेको पाइन्छ ।

- सम्पूर्ण विद्यार्थीहरुको कूल प्राप्त तथ्याङ्कको मानक विचलन १.२४ रहेको छ । यसै आधारमा विद्यार्थीको चिठी लेखन क्षमतामा एकरूपता छैन अर्थात् क्षमता र स्तरका दृष्टिले सन्तुलित छैन ।

- छनोटमा परेको २० जना छात्र विद्यार्थीको प्राप्ताङ्कको तथ्याङ्कीय विश्लेषणलाई हेर्दा ५० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५५ प्रतिशत रहेका छन् । यसै आधारमा रामेछाप जिल्लाका छात्र विद्यार्थीको चिठी लेखन क्षमता राम्रो नै रहेको छ भन्नुपर्दछ ।

- छात्र विद्यार्थीको कूल प्राप्ताङ्क १०८.५ रहेको र यसको मध्यमान ५.४२ देखिन्छ । उक्त मध्यमानलाई आधार बनाउँदा मध्यमानभन्दा तल ४५ र माथि ५५ प्रतिशत विद्यार्थी रहेका छन् ।

- छात्रा विद्यार्थीहरुको चिठीलेखन क्षमताको विश्लेषणलाई हेर्दा ५० प्रतिशत भन्दा तल अङ्क ल्याउने ५५ प्रतिशत विद्यार्थी रहेका छन् । त्यसै आधारमा औषत बढी छात्रा विद्यार्थी कमजोर नै देखिन्छन् ।
- छात्र र छात्रा विद्यार्थीको प्राप्ताङ्कलाई दुईवटा चलमानी सहसम्बन्ध निकाल्दा ०.९१ हुन आउँदछ । यस आधारमा छात्र र छात्राको चिठी लेखन क्षमतामा सार्थक भिन्नता छैन भन्न सकिन्छ । तथापि निरपेक्ष भिन्नता नरहेता पनि सापेक्ष रूपमा थोर धेर भिन्नता अवश्य रहेको देखिन्छ ।
- समग्रमा भन्दा छात्रभन्दा बढी छात्रा विद्यार्थीलाई चिठी लेखन सम्बन्धी निराकरणात्मक शिक्षण गर्नुपर्ने देखिन्छ । साथै उच्चतम अङ्क ल्याउने छात्रा विद्यार्थी तथा छात्रा छात्राबिच सहयोगात्मक र सहकार्यका आधारमा प्रशस्त अभ्यास र पृष्ठपोषण प्रदान गर्ने वातावरण सृजना गर्नुपर्दछ ।

# विषयसूची


पृष्ठ

अध्याय एक

**शोध परिचय** १-६

१.१ पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ शोधका उद्‌देश्यहरु ३

१.४ अध्ययनको औचित्य/सान्दर्भिकता ४

१.५ अध्ययनको सीमाङ्कन ५

१.६ अध्ययनको रुपरेखा ६

अध्याय दुई

**सम्बन्धित साहित्यको अध्ययन** ७-२३

२.१ पूर्वकार्यको समीक्षा ७

२.२ चिठीको सैद्धान्तिक अवधारणा १०

२.२.१ चिठीको परिचय ११

२.२.२ चिठीका प्रकार १२

२.२.२.१ अनौपचारिक चिठी १२

२.२.२.२ औपचारिक चिठी १३

२.२.३ भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र लेखाइ सिप १४

२.२.३.१ भाषा पाठ्यक्रम १४

२.२.३.२ भाषा पाठ्यपुस्तक १४

२.२.३.३ लेखाइ सिप १६

२.३ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व १६

२.४ लेखाइ सिपको विकासमा चिठीलेखनको स्थान १८

२.५ विद्यालय तहमा चिठी शिक्षणको प्रयोजन १९

२.६ विद्यालयका निम्न माध्यमिक तहका विभिन्न पाठ्यक्रमहरुमा चिठीको स्थान र शिक्षण प्रक्रिया २१

२.६.१ निम्न माध्यमिक पाठ्यक्रम, २०६४ (दो.सं.) २१

२.६.२ आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ २२

२.७ सारांश २३

अध्याय तिन

**अध्ययन विधि/प्रक्रिया** २४-२६

३.१ जनसङ्ख्या र प्रतिनिधि नमुना २४

३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरु २४
३.२.१ प्राथमिक स्रोत २५
३.२.२ द्वितीय स्रोत २५
३.३ सामग्रीको निर्माण २५
३.४ तथ्याङ्कको सङ्कलन २५
३.५ तथ्याङ्कको व्याख्या विश्लेषण २६

अध्याय चार
व्याख्या तथा विश्लेषण २७–४७
४.१ परिचय २७
४.२ समग्र विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति ३१
४.२.१ समग्र विद्यार्थीको प्रतिशताङ्क स्थिति ३१
४.२.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको स्थिति ३३
४.३ छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको स्थिति ३५
४.३.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति ३५
४.३.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति ३७
४.४ छात्रा विद्यार्थीहरुको चिठीलेखन क्षमताको स्थिति ३९
४.४.१ प्रतिशतका आधारमा छात्रा विद्यार्थीको चिठी लेखनको स्थिति ४०
४.४.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमताको स्थिति ४१
४.५ छात्र र छात्रा विद्यार्थीहरु बिचको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति ४४
४.६ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति ४६

अध्याय पाँच
निष्कर्ष तथा सुझाव ४८–५३
५.१ निष्कर्ष ४८
५.२ सुझाव ५१
५.३ शैक्षणिक प्रयोजन ५२
५.४ भावी अनुसन्धानका लागि प्रस्तावित शीर्षकहरु ५३

सन्दर्भकृति सूची ५४–५५
परिशिष्ट (क) : मूल्याङ्कन फाराम ५६
परिशिष्ट (ख) : प्रतिनिधि नमुना विद्यालय र विद्यार्थीहरुको नामावली ५७

# तालिका सूची


| तालिका नं. | | पृष्ठ |
|---|---|---|
| 1= | तथ्याङ्क संकलनका लागि छनोटमा परेका विद्यार्थीहरुको प्राप्ताङ्क विवरण | २८ |
| 2= | प्रतिशत गणना विधि श्रेणीकरण तालिका | ३१ |
| 3= | प्रतिशतका आधारमा विद्यार्थीको चिठी लेखन क्षमता | ३१ |
| 4= | मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरुको चिठीलेखन क्षमता | ३४ |
| 5= | छात्र विद्यार्थीको चिठी लेखन क्षमता | ३५ |
| 6= | मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति | ३८ |
| 7= | छात्रा विद्यार्थीको चिठी लेखन क्षमता | ४० |
| 8= | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति | ४२ |
| 9= | छात्र र छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलनात्मक अवस्था | ४४ |
| 10= | छात्र र छात्राबिचको चिठी लेखन क्षमताको तथ्याङ्कीय तुलनात्मक स्थिति | ४६ |

# सङ्क्षेपीकृत शब्दसूची

| क्र.सं. | सङ्क्षिप्त रुप | पूर्ण रुप |
|---|---|---|
| 1= | क्र.सं. | क्रम सङ्ख्या |
| 2= | प्रा. | प्राध्यापक |
| 3= | उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| 4= | मा.वि. | माध्यमिक विद्यालय |
| 5= | नि.मा. | निम्न माध्यमिक |
| 6= | संस्क | संस्करण |
| 7= | वि.सं. | विक्रम सम्वत् |
| 8= | % | प्रतिशत |
| 9= | ने.शि. | नेपाली शिक्षा |
| 10= | नं. | नम्बर |
| 11= | त्रि.वि. | त्रिभुवन विश्व विद्यालय |

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | सुदर्शन काफ्ले |
| जन्ममिति | : | २०३७-१०-०४ |
| जन्मस्थान | : | मन्थली-२, रामेछाप |
| माताको नाम | : | मञ्जु काफ्ले |
| पिताको नाम | : | रामप्रसाद काफ्ले |
| वैवाहिक स्थिति | : | विवाहित |
| पत्नीको नाम | : | देवीका काफ्ले |
| धर्म | : | हिन्दु |
| भाषा | : | नेपाली |
| रुचि | : | अध्ययन, भ्रमण र छविकला |
| मुख्य विषय | : | नेपाली |
| शैक्षिक योग्यता | : | एम.एड., नेपाली |
| फोन | : | ९७४४०२८२७७ |

## अध्याय एक

# शोध परिचय

### १.१ पृष्ठभूमि

भाषा मानवीय वस्तु हो । मानिसको विचार र अनुभवको आदानप्रदान र विकासको प्रमुख माध्यम भाषा हो (ढकाल र खतिवडा, २०६८ : १) । भाषिक अभिव्यक्तिका दुई रूप हुन्छन् जुन मौखिक र लिखित हुन् । मौखिक अभिव्यक्तिलाई सुरक्षित र दीर्घकालसम्म बचाइराख्न लिखित अभिव्यक्ति अपरिहार्य आधार हो । साथै बोलेर विचार विनिमय गर्न असम्भव भएमा लेखनको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । व्यक्तिले आफूले अनुभव गरेका र ज्ञान गरेका कुराहरुलाई सम्झनामा राखिराख्न र भविष्यमा आफू र अरुका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्दछ ।

मौखिक अभिव्यक्तिका तुलनामा लिखित अभिव्यक्तिमा सहजता, स्वभाविकता र भावानुकूलताको अभाव हुने भए तापनि मान्छेका दिमागमा उठेका विचार, भावना र संवेगलाई सार्वजनिक गर्ने महत्त्वपूर्ण उपाय लिखित अभिव्यक्ति हो (ढकाल र खतिवडा, २०६८ : १४९) । त्यसैले पनि विद्यार्थीहरुमा लेखाइ सिपको विकास गर्न चिठीलेखन, निबन्ध लेखन, कथालेखन, प्रतिवेदन लेखन, अनुच्छेद लेखन, सारांश लेखन कार्य गराउनुपर्ने हुन्छ । विद्यालय तहमा भाषाका सिप विकास गर्ने उद्देश्यले नै विभिन्न क्षेत्रका विधाहरुको छनोट गरेको पाइन्छ । त्यसै अनुसार चिठी वा निवेदनका माध्यमबाट भाषाका चारवटै सिपको विकास गराउन विभिन्न प्रकारका कार्यकलाप सञ्चालन गर्न सकिन्छ । चिठी लेखन कार्यकलापबाट विद्यार्थीमा लेखाइ सिप विकास गराउन अझबढी सम्भव रहन्छ ।

घरायसी, व्यापारी वा कार्यालयीय ढाँचाका चिठीपत्र लेखन अभ्यासलाई चिठी तथा निवेदन लेखन भन्न सकिन्छ । उक्त सवै प्रकारका चिठीमध्ये घरायसी चिठी व्यक्तिगत किसिमको हुने हुनाले अन्य भन्दा स्वतन्त्र किसिमको हुन्छ भने अन्य सबै प्रकारका पत्र रचनाहरु निर्देशित किसिमकै ढङ्ग ढाँचामा बाँधिएका हुन्छन् (शर्मा र पौडेल, २०६८ : ३८२) । यसर्थ विभिन्न चिठीको प्रकृति, विषय अनुसार फरक फरक

ढङ्ग ढाँचामा चिठी लेखन कार्य गर्नले विद्यार्थीहरुमा शुद्ध लेखन कार्यको विकास गर्न सकिन्छ । प्राथमिक तहमा (तिन कक्षादेखि माथि) घरायसी र कार्यालयीय मध्येको विद्यालयीय चिठीको सामान्य अभ्यास गराउन सकिन्छ । निम्न माध्यमिक तहमा पनि तिनै प्राथमिक स्तरीय चिठी लेखनका अभ्यासलाई अझ विस्तार गरी सामान्य व्यापारिक चिठीको पनि अभ्यास गराउन सकिन्छ (शर्मा र पौडेल, २०६८ : ३८२) ।

भाषिक सिप विकासको सन्दर्भमा लेखन कलाको विकास गर्न विद्यालय तहमा चिठीको शिक्षण आवश्यक र महत्त्वपूर्ण हुने भएकाले प्रस्तुत अध्ययन सोही पक्षलाई मध्यनजर गरी रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमता पहिचान गर्नसँग सम्बन्धित छ । यस सन्दर्भमा निम्न माध्यमिक तहका विद्यार्थीको स्तर र क्षमतालाई ख्याल गरी विभिन्न विद्यालयमा गएर नमुना छनोटमा परेका विद्यार्थीको क्षमता परीक्षण गरिएको छ । त्यसैगरी सान्दर्भिक विषय शीर्षकमा विद्यार्थीले तयार पारेको चिठी सम्बन्धी उत्तर पुस्तिका परीक्षण, तालिकीकरण, व्याख्या विश्लेषण गरी निष्कर्ष तथा सुझाव पेश गरिएको छ ।

## १.२ समस्याकथन

जुनसुकै अध्ययन अनुसन्धान कार्यका लागि त्यसमा निहीत समस्यालाई महत्त्वपूर्ण मानिन्छ । अनुसन्धानका निम्ति छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याको रूपमा प्रस्तुत गरिन्छ (भण्डारी र अन्य, २०६८ : ११८) । खासगरी कुनै विषय क्षेत्रमा देखिएका समस्याहरुको खोजी गर्ने र तिनको समाधान गर्ने कार्य शोधसँग सम्बन्धित छ । जब समस्या आइपर्दछ तब मात्र त्यसको समाधानको लागि अध्ययन अनुसन्धान कार्यलाई अगाडि बढाउनुपर्ने हुन्छ । त्यसैले समस्याकथनलाई अनुसन्धान कार्यको क्षेत्रमा अपरिहार्य तत्त्वको रूपमा लिने गरिन्छ । अनुसन्धानका निम्ति छानिएको कुनै अनुसन्धेय विषयवस्तुलाई नै समस्याका रूपमा प्रस्तुत गरिन्छ । अनुसन्धान कार्यका सिलसिलामा 'समस्या' शब्दको अर्थ, अनुसन्धेय समस्या अथवा अनुसन्धानको विषयवस्तु हो (बन्धु, २०६५ : १७) ।

विचार विनिमयको माध्यम भाषा हो, जुन सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषाका सिपसँग सम्बन्धित हुन्छ । यी भाषिक सिपहरुमध्ये सुनाइ र पढाइ आदानात्मक

तथा बोलाइ र लेखाइ प्रदानात्मक भाषिक सिप हुन् । भाषा सिकाइका क्रममा भाषाका चारवटै सिपहरु एक आपसमा अन्तरसम्बन्धित रहन्छन् । यस अध्ययन कार्यको लागि लेखाइ सिपलाई विशेष जोड दिइएको छ । खासगरी लेखाइ सिपले अभिव्यक्तिलाई चिरस्थायी बनाउने कार्य गर्दछ ।

विद्यालय तहमा चिठी लेखन शिक्षणबाट विद्यार्थीहरुमा लेखनकलाको विकास गराउन सम्भव छ । साथै लेखन सिपमा के कस्तो कुशलता प्राप्त गर्न सक्दछन् र उनीहरुले आफ्ना विचारलाई के कति शृङ्खलाबद्ध अभिव्यक्ति प्रस्तुत गर्न सक्दछन् भन्ने विषय नै यस अध्ययनको मूल समस्याको रूपमा रहेको छ । समग्रमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमतासँग सम्बन्धित भएर प्रस्तुत गरिएको यस अध्ययनका समस्याहरुलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ :

(क) रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको स्थिति के कस्तो छ ?

(ख) लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमतामा तुलनात्मक स्थिति के कस्तो छ ?

(ग) उक्त जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीले चिठी लेखनमा कुन कुन पक्षमा त्रुटि वा कमजोरी गर्दछन् ?

(घ) चिठी लेखन क्षमता अभिवृद्धि गर्न के कस्ता सुझावहरु दिन सकिन्छ ?

## १.३ शोधका उद्देश्यहरु

अनुसन्धान कार्यमा उद्देश्यहरुको अनिवार्यता रहन्छ अर्थात् शोधको केन्द्रविन्दु उद्देश्य हो । समस्याका रूपमा छानिएको प्राज्ञिक प्रश्नहरुको समधान नै अनुसन्धानको उद्देश्य हो । प्रस्तावमा अनुसन्धानको उद्देश्य स्पष्ट रूपमा लेख्नु पर्दछ । उद्देश्य स्पष्ट गर्दा अनुसन्धानको निष्कर्षलाई मनमा राख्नु पर्दछ (बन्धु, २०६५ : १७) । यसर्थ अनुसन्धान कार्यमा अनिवार्य मानिने प्रस्तुत शोधका उद्देश्यहरु यसप्रकार रहेका छन् :

(क) रामेछाप जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता पहिचान गर्नु,

(ख) लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमता तुलना गर्न,

(ग) विद्यार्थीहरुमा चिठी लेखनमा देखिएका कमी कमजोरीहरु पहिचान गरी निराकरणका उपायहरु प्रस्तुत गर्न ।

**१.४ अध्ययनको औचित्य/सान्दर्भिकता**

अनुसन्धान एक महत्त्वपूर्ण र चुनौतीपूर्ण कार्य हो । कुनै पनि कार्य गर्नुका पछाडि त्यसको औचित्य वा सन्दर्भ रहनु अपरिहार्य छ । औचित्यविहीन कार्यले खास गन्तव्यमा पुग्न प्रायः असम्भव नै हुन्छ । प्रस्तुत अध्ययन पनि भाषिक सिपको विकाससँग सम्बन्धित भएकाले र भाषिक सिपको शिक्षण नै भाषा शिक्षण भएकाले अध्ययन औचित्यपूर्ण हुने ठहर गरिएको छ ।

मानव जीवनको अमूल्य सम्पत्ति भाषा नै हो । भाषाका माध्यमबाट नै हरेक व्यक्तिले एक आपसमा आफ्ना व्यवहारहरु सञ्चालन गर्ने गर्दछन् अर्थात् विचार विनिमय गर्दछन् । प्राचीन समयमा भाषाको कथ्य रूपको मात्र प्रचलन रहेतापनि समयको विकास र लिपिनिर्माणसँगै लेख्य रूपको समेत विकास भएको पाइन्छ । वर्तमानमा आइपुग्दा भाषाका कथ्य र लेख्य दुई रूपहरु देखापरे जसमा कथ्य रूप छिटै मृत हुने स्थिति रह्यो । त्यसैगरी शैक्षिक तथा प्रशासनिक क्षेत्रमा भाषाको लेख्य रूपलाई नै बढी प्राथमिकता दिइन्छ । यसर्थ चिठी लेखन क्षमता अभिवृद्धि गर्नाले लेखाइ सिपको विकास गर्न सकिन्छ । निम्न माध्यमिक तहमा समेत चिठी लेखन प्रक्रिया लेखाइ सिपको विकास गर्ने प्रमुख क्रियाकलापको रूपमा नै आएको हो ।

मानिसका अनुभव तथा ज्ञानलाई सन्चय गर्ने तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा सम्प्रेषित गर्ने भाषाको लिखित माध्यम नै महत्त्वपूर्ण हुन्छ । त्यसैले पनि विद्यालयका तल्ला तहबाट नै लेखाइ सिपको विकास गर्दै लैजानु अत्यावश्यक हुन्छ । लेखाइ सिपको विकास गर्न चिठी लेखन प्रक्रिया प्रमुख कार्यकलापका रूपमा रहन्छ । विद्यार्थीको चिठी लेखन प्रक्रिया विभिन्न लेखाइ सम्बन्धी ज्ञानका पक्षहरु समावेश हुने भएकाले पनि चिठी लेखन क्षमताको विकास गर्नु अत्यावश्यक छ । यसरी विद्यार्थीहरुमा विकसित लिखित क्षमता पहिचान गर्ने आधार चिठी लेखन भएको हुँदा प्रस्तुत अध्ययन सान्दर्भिक देखिन्छ ।

चिठी कुनै सन्देश लिने वा दिने सम्बन्धलाई निरन्तरता दिने, सम्पर्क बढाउने उद्‌देश्यका साथ लेखिन्छ । हुनतः चिठी व्यक्तिगत, कार्यालयीय र व्यापारिक गरी तिन प्रकृतिका हुने गर्दछन् । यिनै चिठीको प्रकृतिका आधारमा चिठीमा मिति, ठेगाना, सम्बोधन र सम्बन्ध प्रष्टसँग प्रकट गरिन्छ भने शिष्टता र आत्मीयता दर्शाउने शब्द समेतको प्रयोग गर्ने बानीको विकास हुन्छ । त्यसैगरी चिठीको विषयवस्तु प्रस्तुतिले विद्‌यार्थीमा लेखाइ क्षमता अभिवृद्‌धि गर्न र तथ्याङ्कीय व्याख्या विश्लेषण गरी कमजोरी पक्षहरु सुधार गर्न अध्ययन अनिवार्य रहने गर्दछ ।

कक्षा आठमा अध्ययनरत विद्‌यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन शीर्षकले वर्तमान सन्दर्भमा बढ्दो प्रवृद्‌धिको प्रयोगले ह्रास आएको चिठी लेखन कार्यलाई बढावा दिन र निम्न माध्यमिक पाठ्यक्रमले निर्धारित र स्वतन्त्र लेखनको सन्दर्भमा बढावा दिइरहेको बेला थप औचित्यपूर्ण हुने देखिन्छ । शिक्षण सिकाइ कर्याकलापमा पाठ्यसामग्रीको रूपमा चिठी लेख्न लगाएर वा चिठी शिक्षण गराएर विभिन्न भाषिक क्षमता भएका विद्‌यार्थीहरुलाई कठीनाइस्तर पहिचान गरी भाषाको लेखानइ सिपको विकास गर्न यो अध्ययन सान्दर्भिक र औचित्यपूर्ण ठहर गरिएकोछ । साथै रामेछाप जिल्लाका विद्‌यालयका विद्‌यार्थीहरुको चिठी लेखन क्षमताको पहिचान गरी भाषिक सिपको विकास गर्न समेत थप सहयोग पुग्ने आधार सामग्री बन्ने देखिएको छ ।

### १.५ अध्ययनको सीमाङ्कन

अनुसन्धान प्रस्तावमा अध्ययनको सीमाङ्कन गर्नु पनि आवश्यक छ । अनुसन्धान गर्नुभन्दा पहिले नै यस विषयमा यी कार्यहरु गर्न सकिन्छ भन्ने कुरा थाहा भयो भने अध्ययनले निश्चित बाटो पहिल्याउँछ र सन्देश, शङ्का र द्विविधाको मनस्थितिलाई हटाइदिन्छ । त्यसैले अध्ययनको सीमाङ्कन गर्न आवश्यक छ (भट्टराई, २०६८ : १३१) । यसर्थ प्रस्तुत अध्ययनलाई निम्न सीमा वा परिधिमा रही अध्ययन कार्यलाई अगाडि बढाइएको छ :

(क) प्रस्तुत अध्ययन रामेछाप जिल्ला कक्षा आठमा अध्ययनरत विद्‌यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययनमा सीमित रहेको छ ।

(ख) यो अध्ययन लैङ्गिक आधारमा कक्षा आठमा अध्ययनरत ४ सामुदायिक विद्यालयका २० छात्रा र २० छात्र गरी जम्मा ४० जना विद्यार्थीको चिठी लेखन क्षमतामा मात्र सीमित रहेको छ ।

(ग) कक्षा आठमा अध्ययनरत उक्त विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमताको परीक्षणबाट कमजोरी क्षेत्र पहिचानका साथ व्याख्या विश्लेषण गरी निष्कर्ष तथा सुझाव पेस गर्न मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रुपरेखा

प्रस्तुत शोधपत्रको ढाँचा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको अध्ययन

अध्याय तिन : अध्ययन विधि/प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषाण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भकृति सूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय दुई

# सम्बन्धित साहित्यको अध्ययन

### २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरु (पुस्तक, पत्रपत्रिका लेख, शोधप्रबन्ध, प्रतिवेदन आदि) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । पूर्वकार्यको समीक्षाले त्यस विषयमा त्यस बेलासम्म भएका यावत् कृति तथा अनुसन्धानको सम्यक् जानकारी दिन्छ जसले गर्दा अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गर्न सहज र सरल बनाउँछ (भट्टराई, २०६८ : १२६) । त्यसैले सम्बन्धित साहित्यको वा पूर्वकार्यको समीक्षा गर्नु जरुरी र अपरिहार्य देखिन्छ । प्रस्तुत शीर्षकलाई सहयोगी सिद्ध हुने केही शोध प्रतिवेदनहरुको समीक्षा निम्नानुसार गरिएको छ :

निरौला (२०६२) द्वारा **कक्षा नौ पूरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेका छन् । उक्त शोध कक्षा नौ पुरा गरेका विद्यार्थीको निबन्ध लेखन क्षमता के कस्तो रहेको छ ? भन्ने मूल समस्यामा केन्द्रित रहेको देखिन्छ । नमुना सर्वेक्षण विधि र प्राथमिक स्रोतलाई मुख्य आधार बनाइ शोधलाई पूर्णता दिइएको पाइन्छ । शोधका उद्देश्यमा कक्षा नौ पूरा गरेका विद्यार्थीको निबन्ध लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो मातृभाषी नेपाली र दोस्रो भाषी नेपाली विद्यार्थीको निबन्ध लेखन क्षमता तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरुको निबन्ध लेखन क्षमता तुलना गर्नु आदि जस्ता महत्त्वपूर्ण उद्देश्यहरु राखेका छन् । अध्ययनलाई पूर्णता दिन काठमाडौं उपत्यकाका ६/६ वटा सरकारी र निजी विद्यालयका १०/१० जनाको सङ्ख्यामा विद्यार्थीलाई नमुना जनसङ्ख्याको रूपमा लिइएको छ । शोधले समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको निष्कर्ष प्रस्तुत गरेको छ । सरकारी विद्यालय भन्दा निजी विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमता उच्च रहेको तथा नेपाली मातृभाषी

विद्यार्थी विमातृभाषी विद्यार्थी भन्दा निबन्ध लेखनमा उच्च रहेका जस्ता निष्कर्षहरु प्रस्तुत गरेका छन् ।

खतिवडा (२०६४) द्वारा **कक्षा सात पूरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन् । उदयपुर जिल्लालाई अध्ययनको रूपमा छनोट गरिएको अध्ययनमा लैङ्गिक आधारमा चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गर्नु, संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीको चिठीतथा निवेदन क्षमताको अध्ययन गर्न, नेपाली मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन गर्नु जस्ता महत्त्वपूर्ण उद्देश्यहरु राखेका छन् । मुख्यगरी प्राथमिक स्रोतलाई आधार बनाई तथ्याङ्क सङ्कलन गर्न सरकारी तथा संस्थागत विद्यालयबाट ५/५ वटा छनोट गरी प्रत्येकबाट १०/१० जनाका दरले जम्मा १००  जना विद्यार्थीलाई नमुना जनसङ्ख्याको रूपमा लिएको पाइन्छ । उक्त अध्ययनले ६७ प्रतिशत विद्यार्थीको  चिठी तथा निवेदन लेखन क्षमता ५० प्रतिशत भन्दा बढी रहेको तथ्य प्रस्तुत गरेको छ । सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको तथ्य प्रस्तुत गरिएको छ । लैङ्गिक आधारमा छात्राहरुको चिठी तथा निवेदन लेखन क्षमता छात्रको तुलनामा सन्तोषजनक रहेको छ जस्ता महत्त्वपूर्ण निष्कर्ष प्रस्तुत गरिएको पाइन्छ ।

अधिकारी (२०६८) द्वारा **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेकी छन् । कक्षा सातमा अध्ययनरत सरकारी र निजी विद्यालयका विद्यार्थीहरु, नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरु, लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमता के कस्तो छ ? भन्ने मूल समस्यामा केन्द्रित रहेको पाइन्छ । खासगरी कक्षा सातमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, मातृभाषी र विमातृभाषी सरकारी र निजी, छात्र र छात्रा आधारमा चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्ने जस्ता महत्त्वपूर्ण उद्देश्य राखेको देखिन्छ । धादिङ जिल्लाका ५ वटा सरकारी र ५ वटा निजी विद्यालयबाट १०/१० जनाका दरले १०० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाको

रूपमा छनोट गरी अध्ययनलाई अगाडि बढाइएको छ । अनुच्छेद लेखनसँग सम्बन्धित भएर विभिन्न शीर्षकहरु प्रस्तावित गरी तीमध्ये समसामयिक शीर्षकमा क्षेत्रीय अध्ययन विधिका आधारमा सम्बन्धित क्षेत्रमा गई अनुच्छेद लेखन कार्य गर्न लगाएर आवश्यक तथ्य सङ्कलन गरेको देखिन्छ । अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षलाई हेर्दा ६० प्रतिशत भन्दा माथि अनुच्छेद लेखन क्षमता मापन गराउन सफल विद्यार्थी सङ्ख्या ५२ जना देखिनुले अनुच्छेद लेखन क्षमता सन्तोषजनक रहेको उल्लेख गरेकी छन् । विद्यार्थीको सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न र लेखाइ सिपको विकास गर्न अनुच्छेद लेखन शिक्षणलाई व्यवस्थित गर्नुपर्ने सुझाव समेत गरेको पाइन्छ ।

विष्ट (२०६८) द्वारा **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन् । शोधका क्रममा कक्षा ६ का विद्यार्थीको चिठी लेखन क्षमता के कस्तो छ ? भन्ने मूल समस्यामा केन्द्रित देखिन्छ । कक्षा ६ मा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमता पहिचान गर्नु, सरकारी र निजी विद्यालय विद्यार्थीहरु, पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरु तथा लैङ्गिक आधारमा विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्ने जस्ता महत्त्वपूर्ण उद्देश्यहरु राखिएको छ । बझाङ जिल्लाका सरकारी र निजी विद्यालयका जम्मा ६० जना विद्यार्थीलाई केन्दविन्दु बनाई नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको पाइन्छ । प्रतिशताङ्क गणनाका आधारमा तथ्याङ्क विश्लेषण गरिएको शोधकार्यको प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्यम स्थान र न्यून स्थान पर्ने विद्यार्थीको वास्तविक सङ्ख्या पत्ता लगाउने श्रेणी निर्धारण गरी गणना गरिएको छ । अध्ययनमा ५१ प्रतिशतभन्दा माथि चिठी लेखन क्षमता मापन गराउन सफल विद्यार्थी सङ्ख्या ६३.३३ प्रतिशत देखिनुले समग्रमा चिठी लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

घर्ती (२०६९) द्वारा **रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । शोधका क्रममा रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता पहिचान गर्नु, विभिन्न सामुदायिक विद्यालयबिच तथा छात्र र छात्रा बिचको तुलनात्मक स्थिति

पहिचान गर्ने आदि जस्ता महत्त्वपूर्ण उद्देश्यहरु लिएका छन् । विभिन्न तिन सामुदायिक विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थी छनोट गरी प्राथमिक स्रोतको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको देखिन्छ । चिठी लेखनसँग सम्बद्ध प्रश्नपत्र कार्यान्वयन गरी परीक्षण साथ अङ्कन, तथा तालिकीकरणका साथ व्याख्या विश्लेषण गरिएको छ । समग्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको मापन गर्दा मध्यमान भन्दातल ५१.६७ र मध्यमान भन्दामाथि ४८.३४ प्रतिशत विद्यार्थी रहेकाले चिठी लेखन क्षमता सामान्य मान्न सकिन्छ । त्यसैगरी छात्रा विद्यार्थीभन्दा छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमता उच्च रहेको छ भन्ने जस्ता महत्त्वपूर्ण निष्कर्ष प्रस्तुत गरेको पाइन्छ ।

पोखरेल (२०७०) द्वारा **कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध तयार पारेकी छन् । शोधका क्रममा पाल्पा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीबिच अनुच्छेद लेखन क्षमता तुलना गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अवस्था पत्ता लगाउनु आदि जस्ता महत्त्वपूर्ण उद्देश्यहरु प्रस्तुत गरेकी छन् । पाल्पा जिल्लाका तिन संस्थागत र तिन सामुदायिक विद्यालयका कक्षा दशका ३० छात्र र ३० छात्रा पर्ने गरी जम्मा ६० जनालाई नमुना जनसङ्ख्या मानी अध्ययनलाई अगाडि बढाइएको छ । मुख्य गरी क्षेत्रीय र पुस्तकालयीय अध्ययन विधिको अवलम्बन गरिएको उक्त शोधकार्यमा प्राथमिक र द्वितीय दुबै स्रोतबाट तथ्याङ्क संकलन गरिएको पाइन्छ । मध्यमान र मानक विचलनलाई आधार बनाई तथ्याङ्कीय व्याख्या विश्लेषण गरी निष्कर्ष तथा सुझावहरु पेश गरेको देखिन्छ । गणितीय तथ्याङ्कका आधारमा हेर्दा मध्यमान ५२.२ रहनुले विद्यार्थीको भाषिक प्रस्तुति, शैली, शुद्धता, विषयवस्तुको सम्योजन खासै सन्तोषजनक नभई मध्यम स्तरको भएको कारण लेखनकलामा सुधार गर्न थप प्रयास गर्नुपर्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

## २.२ चिठीको सैद्धान्तिक अवधारणा

मानिसले एक-अर्कामा विचार विनियम गर्ने माध्यम भाषालाई बनाउँदछ । यस सन्दर्भमा मुख्यगरी कथ्य र लेख्य दुई माध्यमको अवलम्वन गर्नुपर्दछ । हामी सबैले सबै

व्यक्तिहरुसँग बोलेर विचारको विनियम गर्न असम्भव हुन्छ । उक्त अवस्थामा हामीले लेख्य माध्यमबाट विचारको विनिमय गर्नु पर्दछ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरुलाई अरुसमक्ष प्रस्तुत गर्न, ती कुराहरुलाई सम्झनामा राखि राख्न र भविष्यमा आफू र अरुका लागि समेत उपयोगी बनाउन लेखाइले मद्दत गर्दछ (शर्मा र पौडेल, २०६८: ३६७) ।

विश्व समुदायमा बढ्दैगएको प्रविधियुक्त सञ्चार साधनको तीब्र विकासले विश्वलाई एक घरको रूपमा उभ्याएको छ । टेलिफोन, मोबाइल, इमेल इन्टरनेट आदिले चिठी लेखन कार्यलाई प्रभावित पारेसँगै लेखाइ सिपको विकासमा पनि ठूलो अवरोध खडा भएको देखिन्छ । तथापि कार्यालयीय, सङ्घ-संस्था र बैयक्तिक सन्तुष्टिका लागि भने चिठीको महत्त्व कम भएको छैन । यसै सन्दर्भमा व्यक्तिले बेलामौकामा आफ्ना कुरा वा भावना दूर देशमा रहेका आफन्तहरुमा पुऱ्याउन, कतिपय कुरा लेखेर पछिसम्म सन्चित गर्न, लेखेर गर्नुपर्ने कतिपय व्यावहारहरु कार्य सम्पन्न गर्न, सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको विशेष खाँचो पर्दछ (अधिकारी र शर्मा, २०६२:९२) । यसका लागि चिठी लेखन कार्य आवश्यक देखिन्छ । नेपाली साहित्यका अन्य विभिन्न विधाहरु झैं लेखाइ सिपको विकास गर्न महत्त्वपूर्ण विधा चिठी पनि हो ।

सामाजिक उपयोगिताका दुष्टिले पनि भाषिक अभिव्यक्तिमा लेखाइको ठूलो महत्त्व हुन्छ । आपसमा पत्रचार गर्न तथा विभिन्न ग्रन्थहरुबाट विचारहरु लिएर बौद्धिकताको विकास गर्न लेखाइकै उपयोग गर्नु पर्छ । वक्ताको सामु सम्बोध व्यक्ति नहुँदाको अवस्थामा पत्राचारका माध्यमले सम्पर्क राख्न, आपसमा विचारको आदान प्रदान गर्न, सम्बोध व्यक्ति अपरिचित एवम् अनिश्चित हुने स्थितिमा त्यस्ता व्यक्तिहरु समक्ष आफ्ना विचारहरु राखी सार्वजनिक गर्न र त्यसबाट प्रतिक्रिया प्राप्त गर्न पनि लेखाइको उपयोग गर्न सकिन्छ । आफूले आर्जेका सामाजिक, सांस्कृतिक आदिपक्षका ज्ञान तथा अनुभवहरुको विवरण अरू समक्ष प्रस्तुत गरी उनीहरुलाई फाइदा पुऱ्याउन र अरुले त्यसरी प्रस्तुत गरेका विवरणबाट आफूले पनि फाइदा लिन लेखाइ उपयोगी हुन्छ (शर्मा र पौडेल, २०६८: ३६७) ।

### २.२.१ चिठीको परिचय

चिठी भनेको कुनै पनि एक व्यक्ति वा संस्थाले अर्को कुनै व्यक्ति वा संस्थालाई लिखित रूपमा पठाउने सन्देश हो । यस्तो सन्देश औपचारिक प्रकृतिको हुनेगर्दछ । घरायसी, व्यापारी वा कार्यलयी ढाँचामा चिठीपत्र लेखन अभ्यासलाई चिठी तथा निवेदन लेखन भन्न सकिन्छ । कुनै चिठीमा व्यक्तिका निजी भावना, विचार वा दृष्टिकोणहरु प्रस्तुत गरिएका हुन्छन् र नितान्त गोपनीय कुरा पनि हुन सक्दछ । चिठीको प्रकृति अनुसार केही चिठीहरु निर्देशित ढङ्ग ढाँचामा अनुबन्धित भएका हुन्छन् ।

चिठी लेखन विधा भएकाले यस अन्तर्गत घरायसी चिठी र कार्यालयीय निवेदन लेखनको अभ्यास गराउनु पर्छ । यस तहमा बिदा, छात्रवृत्ति, कार्यक्रम सहभागिता, गुनासो, निमन्त्रण पत्र, शुभकामना, बधाई, समवेदन तथा सामग्री माग सम्बन्धी विषयवस्तु समेट्नु उपयुक्त हुनेछ । यस क्रममा पाठमा प्रयुक्त चिठी तथा निवेदनको सिकाइ गर्दा तिनलाई नमुनाका रूपमा उपयोगरी तिनको ढाँचा र विभिन्न अङ्गहरुको सोदाहरण परिचय समेत दिनुपर्छ (आधाभूत शिक्षा पाठ्यक्रम, कक्षा ६-८, २०६९) ।

यसरी हेर्दा चिठी लिखित मध्यमद्वारा विचार तथा कुराकानीको विनिमय गर्ने साधन वा माध्यम हो । यसले एक अर्काको अनुभवको आदानप्रदान गर्नुका साथै वैयक्तिक सम्बन्धमा सुदृढ गर्ने कार्य समेत गर्दछ । विभिन्न सङ्घ संस्था अथवा कार्यलय र आयोग नियोगहरुले प्रकाशित गर्ने विज्ञापन, बोलपत्र, सूचना, आदेश तथा टिप्पणी आदि विविध कुराहरु पनि चिठीपत्र लेखनभित्रै पर्दछ । यी पछिल्ला प्रकारका चिठीपत्रहरुका आशय र उद्देश्य फरक-फरक हुनुका साथै ढङ्गढाँचा पनि फरक फरक किसिमको हुन्छ (शर्मा र पौडेल, २०६८: ३८२) ।

विद्यालय तहमा चिठी विधालाई लेखाइ सिप विकासमा सहयोग पुऱ्याउने लेख्य विधाको रूपमा हेरिएको छ । यसबाट विद्यार्थीहरुमा लेखाइ सिपको विकासमा मद्दत पुग्दछ । चिठी लेखनको कार्य प्राचीन समयदेखि नै चलिआएको पाइन्छ । वर्तमान सन्दर्भमा चिठी बाहेकका सन्चारका अन्य साधनहरु आएता पनि चिठीलाई पनि महत्त्वपूर्ण साधनकै रूपमा हेरिन्छ । औपचारिक प्रयोजनको लागि भने अझ यसको महत्त्व उच्च रहन्छ । प्रकृति र प्रयोजन अनुसार चिठी विभिन्न प्रकारका हुने गर्दछन ।

### २.२.२ चिठीका प्रकार

#### २.२.२.१ अनौपचारिक चिठी

अनौपचारिक चिठी मूलतः निजी वा व्यक्तिगत समाचार सम्प्रेषण गर्ने उद्देश्यले लेखिन्छन् । व्यक्तिगत सम्पर्क विस्तार गर्न पनि यस प्रकारका चिठी लेखिन्छन् । यस प्रकारका चिठीहरु सरल, सरस र सजीव किसिमले लेख्नुपर्छ । घरायसी र इष्टमित्रहरुलाई लेखिने चिठीहरु अनौपचारिक चिठी अन्तर्गत पर्दछन् । यस्ता चिठीहरुमा लेख्नुपर्ने कुराहरुको सीमा हुँदैन । यस्ता चिठीहरुमा औपचारिक भाषाको प्रयोगको आवश्यकता हुँदैन । त्यसैले स्थानीय भाषा तथा भाषिकाहरुमा पनि अनौपचारिक चिठी लेखन सकिन्छ । आत्मीयता प्रदर्शन गर्नको निम्ति विविध किसिमका विशेषणयुक्त पदावलीहरुको प्रयोग समेत यसमा गरिन्छ । निमन्त्रणा पत्र मूलतः विवाह, व्रतबन्ध, भोजभतेर, उद्घाटन, समारोह आदि शुभ कर्म गर्दा प्रदान गरिन्छ । कार्यक्रम आयोजनाद्वारा प्रदान गरिने यस्ता पत्रहरु विशेषगरी आफन्त शुभचिन्तक लगायताका चिरपरिचितहरुलाई बोलावटको लागि प्रदान गरिने भएकोले यस्ता पत्रलाई पनि अनौपचारिक एवम् व्यक्तिगत चिठीअन्तर्गत राखिन्छ ।

#### २.२.२.२ औपचारिक चिठी

कुनै संस्था वा कार्यालयीय प्रयोजनका लागि औपचारिक भाषाको प्रयोग गरेर लेखिने चिठीलाई औपचारिक चिठी भनिन्छ । यस्ता चिठीहरुमा स्तरीकृत मानक भाषाको प्रयोग गरिन्छ । जुन प्रयोजनको लागि चिठी लेख्नु पर्ने हो सो कुरा वस्तुगत भाषामा प्रस्तुत गरिने यस्ता औपचारिक चिठीहरुमा भावुकताको अभिव्यक्तिलाई स्थान दिइएको हुँदैन । यस्ता चिठीहरुमा अनावश्यक शिष्टाचार आवश्यक मानिँदैन । विशेषगरी औपचारिक चिठी दुई प्रकारका हुन्छन् ।

(अ) **कार्यालयीय चिठी :** कुनै कार्यालय समक्ष आफ्नो समस्या तथा माग राखी कार्यवाहीको लागि दिइने निवेदन कार्यालयीय चिठी हो । यसमा कार्यालय प्रमुखलाई नै सम्बोधन गरिन्छ र आफ्नो माग वा मर्काको व्यहोरा प्रस्तुत गरिन्छ । छात्रछात्राहरुले आफ्नो विद्यालयका प्रधानाध्यापक वा कक्षा शिक्षकलाई लेखिने

निवेदनहरु कार्यालयीय चिठी हुन् । विशेष गरी औपचारिक भाषामा यस्ता चिठीहरु लेखिन्छन् । यसैगरी समाचारमूलक पत्रहरुलाई पनि कार्यालयीय चिठी अन्तर्गत राख्न सकिन्छ ।

(आ) **व्यापारिक चिठी** : व्यापारिक तथा व्यावसायिक प्रयोजनका निम्ति लेखिने चिठी नै व्यापारिक चिठी हुन् । कुनै एउटा व्यापारिक संस्थाबाट अर्को व्यापारिक संस्थालाई पठाइने यस्ता चिठीहरुमा आफूलाई आवश्यक सामग्रीको माग सूचीका साथै हिसाब किताबसम्बन्धी जानकारी समावेश गरिएको हुन्छ । यस्ता चिठीहरुमा पनि विशेष गरी औपचारिक र वस्तुगत भाषाको प्रयोग गरिएको हुन्छ । व्यापारिक कार्यसञ्चालनका लागि यस्ता चिठीहरु प्रयोग गरिन्छन् ।

### २.२.३ भाषा पाठ्यक्रम, पाठ्यपुस्तक र लेखाइ सिप

#### २.२.३.१ भाषा पाठ्यक्रम

भाषा विचार विनियमको वाहक हो । समाजमा घटित हुने सम्पूर्ण ज्ञान-विज्ञान तथा क्रियाकलापहरु भाषामै आधारित हुन्छन् । मानव हृदयमा सिर्जित भावको अभिव्यक्ति मानवहरुबिच विचारहरुको प्रकटीकरण तथा सिर्जनात्मकताको प्रस्तुतीकरणको माध्यम भाषा नै हो । भाषा भाषिक सिप शिक्षण अभ्यास तथा प्रयोगमा आधारित हुन्छ । तहगत रूपमा विद्यार्थीले गर्नुपर्ने भाषिक सिप आर्जनका निम्ति गरिने क्रियाकलाप भाषा पाठ्यक्रम अन्तर्गत पर्दछ (ढुङ्गेल र दाहाल, २०६०:३) । भाषाको कुनै पक्ष वा सम्पूर्ण पक्षहरु कुनै भाषिक भेद सिकाउने उद्देश्यले निर्मित पाठ्यक्रम नै भाषा पाठ्यक्रम हो । यसमा भाषाका चारै सिपहरु (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) को विकास गराउने लक्ष्य राखिएको हुन्छ ।

कुनै पनि तह वा कक्षाका स्तर अनुकूल विकास गर्नका लागि निर्माण गरिने मार्गदर्शक कार्यक्रम भाषा पाठ्यक्रम हो (शर्मा र पौडेल, २०६८ : ३३३) । भाषिक सिपसँग सम्बन्धित बोध तथा अभिव्यक्ति क्षेत्रका विविध पक्षहरु आर्जनका निमित्त गरिने सम्पूर्ण प्रयास भाषा पाठ्यक्रममा हुन्छ । पाठ्यक्रम समग्र शैक्षिक गतिविधिको मार्गदर्शक हो । अन्य पाठ्यक्रम जस्तै गरी भाषा पाठ्यक्रमले पनि विद्यालयभित्र र बाहिर

विद्यार्थीहरुले गर्ने सम्पूर्ण पठन तथा अभिव्यक्ति अन्तर्गत बोलाइ र लेखाइ सिपहरु विकास हुने खालका विषयवस्तु समावेश गरेको छ ।

### २.२.३.२ भाषा पाठ्यपुस्तक

पाठ्यक्रमले निर्धारण गरेका शैक्षिक उद्देश्यहरु पूरा गर्न चाहिने साधनहरु मध्ये अति आवश्यक साधन हो । कुनै कक्षा वा स्तरका निम्ति पाठ्यक्रमका आधारमा तयार पारिएको पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ । शैक्षणिक प्रक्रियालाई सुचारु रूपले सन्चालन गर्न पाठ्यक्रम मात्र पर्याप्त हुँदैन । जुनसुकै शिक्षा व्यावस्थाका पनि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । हाम्रो जस्तो देशमा विद्यालयमा हुने धेरै जसो कार्यकलाप पाठ्यपुस्तकमै केन्द्रित हुन्छन् ।

पाठ्य पुस्तक शिक्षक विद्यार्थी दुवै थरिका लागि कक्षामा प्रस्तुत हुने आधिकाधिक सामग्री मानिन्छ । वास्तवमा पाठ्यक्रममा आधारिक भएर तयार पारिने पुस्तक नै पाठ्यपुस्तक हो । त्यसैले पनि अधिकांश शिक्षक तथा विद्यार्थी पाठ्यपुस्तक र पाठ्यक्रमलाई एउटै कुरा ठान्दछन् । पाठ्यपुस्तककै माध्यमबाट कक्षाकार्य, गृहकार्य, मूल्याङ्कन आदि कुरा सम्पन्न हुने कुरा यसको विशेष महत्त्व रहनु स्वाभाविकै हो । वास्तवमा पाठ्यपुस्तक कति लोकप्रिय हुन्छ भने यसलाई ‘मुद्रित शिक्षण’ समेत भनिन्छ (अधिकारी र शर्मा, २०६२ : ४३) ।

पाठ्य पुस्तक पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूरा गर्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख साधन हो । यो विद्यार्थीका लागि प्रमुख साधन हो । यो विद्यार्थीका लागि कुनै निश्चित ज्ञान प्राप्तिका सम्बन्धमा तोकिएको विषयको निर्धारित पाठ्यक्रम अनुसार रचना गरिएको हुन्छ । निर्धारित लक्ष्य प्राप्तिका खातिर विद्यार्थी र शिक्षकलाई मार्गदर्शन गर्ने काम पाठ्यपुस्तकले गर्दछ (ढुङ्गेल र दाहाल, २०६०: ५२) ।

भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमअनुरूप तयार गरिएको हुन्छ । त्यसैले भाषा शिक्षण सिकाइको महत्त्वपूर्ण र आधिकारिक सामग्री हो । भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषापाठ्यपुस्तक

त्यसैको व्यवहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तक विद्यार्थीको मानसिक, संवेगात्मक, बौद्धिक पक्षका साथै उनीहरुको रुचि, आवश्यकता तथा सिकाइ प्रवृत्ति समेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी तयार पारिएको हुन्छ । भाषापाठ्यपुस्तक मूलतः भाषाका चार सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइमा केन्द्रित हुन्छ । अन्य पाठ्यपुस्तकहरुमा भाषा साधन र विषयवस्तु साध्य हुन्छ भने भाषा पाठ्यपुस्तकमा भाषा नै साधन र साध्य दुवै हुन्छ । यसको अर्थ भाषा पाठ्यपुस्तकमा भाषासिक्ने साधनका रूपमा मात्र विषयवस्तुलाई लिइन्छ । भाषा पाठ्यपुस्तकको मूल प्रयोजन भाषा सम्बन्धी विभिन्न सिप र समझको विकास गर्नु हो भने अन्य विषयको पाठ्यपुस्तकको प्रयोजन सम्बद्ध क्षेत्रमा विषयवस्तुको ज्ञान गराउनु हो ।

### २.२.३.३ लेखाइ सिप

भाषाका चार सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग भाषा पाठ्यक्रम तथा भाषा पाठ्यपुस्तक केन्द्रित रहन्छन् । भाषाद्वारा व्यक्तिले एक अर्काका विचार तथा भावनाको साटासाट गर्छ । यस्तो साटासाटमा यिनै चार सिपहरु समावेश हुन्छन् । यीमध्ये सुनाइ र पढाइ बोध वा आदानात्मक प्रकृतिका भाषिक सिपहरु हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिमूलक वा प्रदानात्मक प्रकृतिका भाषिक सिप हुन् । आफ्ना मस्तिष्क भित्र रहेका भाव वा विचारहरुलाई लिपि चिन्हहरुको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्ने प्रक्रियालाई लेखाइ भनिन्छ । लिपि चिन्ह, लेख्ने योग्यता, हिज्जेको सही जानकारी तथा आफ्नो विचार अभिव्यक्त गर्ने क्षमताको विकास गर्न लेखाइ उपयोगी हुन्छ । विद्यार्थीहरुमा लेख्ने सिप विकास गराउन चित्र वर्णन अनुलेखन, श्रुति लेखन, चिठी लेखन, कथा लेखन, कविता लेखन, अनुच्छेद लेखन, प्रतिवेदन लेखन, निबन्ध लेखन जस्ता लेखनकलासँग सम्बन्धित कार्यकलापहरु गराइन्छ । भाषिक संरचना तथा शब्दभण्डारको ज्ञान हुनु लेखाइ सिप विकास गर्ने महत्त्वपूर्ण कुरा हो ।

भाषिक सिप एक आपसमा सम्बन्धित हुन्छन् । यिनीहरुको आ-आफ्नै महत्त्व रहेको हुन्छ । मुख्यतया लेखन सिप मार्फत् आफूले गरेको ज्ञान तथा अनुभवहरुलाई भविष्यका लागि सन्चित गर्न सकिने हुँदा यस अर्थमा सुनाइ, बोलाइ र पढाइ

सिपहरुभन्दा लेखाइ सिपको अझ महत्त्व छ भन्न सकिन्छ । व्यावसायिक दृष्टिले पनि लेखाइ सिप महत्त्वपूर्णहछ ।

## २.३ लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

आफ्ना अनुभव एवम् विचारलाई लिपिबद्ध गर्नु लेखाइ हो । अभिव्यक्तिको मौखिक माध्यमलाई बोलाइ भनिन्छ भने त्यसको लिखित माध्यमलाई लेखाइ भनिन्छ । त्यसैले लेखाइलाई अभिव्यक्तिको विशिष्ट सिप मान्नुपर्ने हुन्छ । सामान्यतः आफ्ना अनुभव एवम् विचारलाई व्यक्त गर्ने बोलाइ भए काम चल्न सक्छ तर त्यसलाई अझ विस्तृत परिवेश दिन र आफ्ना अभिव्यक्तिलाई पछिसम्म उपयोगी हुन सक्ने बनाउन लेखाइको आवश्यकता पर्छ । लेख्य भाषामा प्रयुक्त लिपि चिन्ह र तिनको उच्चार्य स्वरूपसँग परिचित गराउनुका साथै ती चिन्हहरु लेख्ने अभ्यास गराउनु पर्ने हुन्छ । लिपि चिन्हको उपयोग गरी त्यस भाषामा व्यक्त हुने शब्द, वाक्य तथा स-साना अभिव्यक्तिका रूपमा लिइनु त छँदैछ । यसको साथै सो छुट्टै किसिमको अभिव्यक्ति पनि हो । व्यक्तिमा बेला मौकामा आफ्ना कुरा टाढा रहेका आफन्तहरुमा पुऱ्याउन, कतिपय कुरा लेखर पछिसम्म सन्चित गर्न, लेखेर गर्नुपर्ने कतिपय व्यवहारिक सम्पन्न गर्न, सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सिपको आवश्यकता हुन्छ ।

लेखनमा गति, क्रमबद्धता ल्याउन पनि लेखाइ शिक्षणको महत्त्वपूर्ण भूमिका रहन्छ । विभिन्न विषय अभिव्यक्ति र प्रसङ्ग अनुसार भाषिक शैलीको छनोट गर्न क्षमता विकास गराउनका साथै हिज्जे चिह्न र अनुच्छेद मिलाएर लेख्ने सिपको विकास गर्न लेखाइ शिक्षण उपयोगी हुन्छ । सफा र राम्रा अक्षरमा लेख्न, व्याकरण सम्मत भाषाको प्रयोग गर्ने क्षमता बढाउन लेखाइ शिक्षण महत्त्वपूर्ण हुन्छ ।

लेखनकला आफैमा शिक्षण सिकाइको महत्त्वपूर्ण अङ्ग हो । सम्पूर्ण कक्षा कार्यकलापहरु लेखनकै सेरोफेरोमा सन्चालित हुन्छन् । लेखनकै माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलाहरु गराइन्छन् । प्रारम्भिक तहदेखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कन प्रक्रियाले लेखन सिपसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । लेखन सिपमा कमजोर हुँदा कुनै पनि तह पूरा गर्न समस्या पर्न सक्छ । त्यसैले यस्तो अवस्था नआओस् भन्नका लागि विद्यार्थीहरुमा लेखन क्षमता बढाउँदै लैजान अत्यावश्यक भइसेकेको छ । लेखन

क्षमताको विकास गर्दै लैजान लेखाइ शिक्षणको फरक-फरक तहमा आ-आफ्नै महत्त्व रहन्छ । यसरी विद्यार्थीहरुमा लेखनकलाको विकास गर्दै लैजान लेखाइ शिक्षणको विकल्प देखिँदैन ।

प्राथमिक तहका लागि लेखाइ केवल माध्यमिक कार्यकलाप मात्र हुन सक्छ भने निम्न माध्यमिक तहमा यसले भाषिक अनुभवलाई समेटेर व्यक्त गर्ने कार्य गर्छ । प्राथमिक र निम्न माध्यमिक तह पार गरिसकेका विद्यार्थीहरुबाट माध्यमिक तथा उच्च शिक्षाका लागि पूर्व आभ्यासिक कार्य गर्ने हुँदा यस तहमा लेखाइ शिक्षणको आवश्यकता पर्न गएको हो त्यसबाहेक विद्यार्थीहरुलाई विभिन्न कार्यकलापमा सरिक गराएर लेखाइ सिपको विकास गराउन सकिन्छ । सिर्जनात्मक लेखनका अभ्यासका लागि र सामान्य व्यावहारिक तथा व्यक्तिगत कार्य सम्पादन गर्नका लागि लेखाइको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र सम्भव नहुने भएकोले बालकलाई दक्ष बनाउन लेखाइ शिक्षणको आवश्यकता पर्छ ।

## २.४ लेखाइ सिपको विकासमा चिठी लेखनको स्थान

विचार विनियमका माध्यमहरुमा लेखाइलाई पनि महत्पूर्ण मानिन्छ । बोलाइबाट पूरा नहुने विचारहरु लेखाइबाट पूरा हुने भएकाले पनि यसको महत्त्व अझै बढ्न गएको हो । आफूले अनुभव तथा ज्ञान गरेका सम्झनाका लागि सन्चित एवम् सङ्गठित राखी भविष्यमा आफ्ना लागि समेत उपयोगी बनाउन पनि यसलाई प्रयोगमा ल्यानउ सकिन्छ । यसर्थ लेखाइको वैयक्तिक रूपमा पनि अत्यन्त महत्त्व छ । लेखिएका कुराबाट समाजलाई प्रशस्त महत्त्व छ । लेखिएका कुराबाट समाजलाई प्रशस्त लाभान्वित गराउन सकिने भएकोले लेखाइ सामाजिक आवश्यकता पनि हो । बढ्दो पत्राचारका माध्यमबाट हामी विभिन्न व्यक्तिहरुसँग सर्म्पक राख्छौँ, आपसमा विचारको आदानप्रदान गर्छौं । वास्तवमा लेखाइले सम्प्रेषणको बृहतत्तर अवसर उपलब्ध गराउँछ । लेखाइ अनुभव भावना र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभई यो ती अनुभव, भावना र ज्ञानको प्रचारप्रसार एवम् सम्भार गर्ने माध्यम पनि हो भन्नु उपयुक्त नै हुन्छ ।

सर्वसाधारण वा खास व्यक्तिहरुमा आफ्नो विचार एवम् भावना पुऱ्याउनु नै लेखाइको लक्ष्य हुन्छ । स्रोत एवम् सम्बोध्य व्यक्ति वक्ताका सामु नभएको अवस्थामा भने

लेखाइको आवश्यकता महत्त्वपूर्ण रहेको हुन्छ । आफूले पाएका सामाजिक, साँस्कृतिक आदि पक्षका ज्ञान गुणको वितरण तथा जानकारी अरु समक्ष प्राय अप्रत्यक्ष ढङ्गले प्रस्तुत गर्नमा लेखाइले प्रशस्त सहयोग पु¥याएको पाइन्छ ।

लेखाइ व्यावहारिक कार्यलाप पनि हो । सामान्य घरायसी व्यावहारका लागि पनि आवश्यक ठानिन्छ । उक्त व्यावहारिक आवश्यकता वा दृष्टिले चिठी, निवेदन, टिपोट आदि लेखनका कार्यकलापहरु आजका समाजका जुनसुकै सामान्य शिक्षित व्यक्तिका लागि अपरिहार्य छ । वैयक्तिक तहमा गरिने कतिपय व्यवहारमा चिठीलेखन सामान्य व्यवहारको अङ्ग बनिसकेको छ । चिठीलेखनले औपचारिक व्यवहारिक काम गर्ने हुनाले यसबाट सम्बोध्य व्यक्तिको मनस्थितिलाई कुनै व्यक्तिद्वारा पठाइएको मौखिक खबरले भन्दा बढी प्रभावित पार्न सक्छ । त्यसैले मानिसहरु कुने व्यक्तिबाट काम लिनु छ भने मौखिक खबर पढाएर भन्दा चिठी लेखेर सो काम गराउन मन पराउँछन् । अतः विद्यार्थीहरुलाई चिठी लेखनप्रति अभिरुचि जगाई लेखाइ सिपको विकासमा मद्दत पु¥याउन सकिन्छ । अझ लेखेर जीविका गर्ने लेखकहरु, पत्रकाहरुका लागि त झन् लेखाइ सिप महत्त्वपूर्ण हुन जान्छ ।

चिठीलेखन लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो । यसबाट स्वतन्त्र र निर्देशित दुवै किसिमका अभ्यासहरु गराउन सकिन्छ । प्राथमिक, निम्न माध्यमिक, माध्यमिक एवम् उच्च माध्यमिक र विश्वविद्यालय अन्तर्गत पनि चिठीलाई बढाउन लेखन उत्कृष्ट कार्यकलाप भएको मान्न सकिन्छ । चिठीलेखनमा वर्णविन्यासगत, व्याकरणगत, शब्दभण्डारगत, चिन्हप्रयोग, वाक्यगठन, विषयवस्तुको आदि मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइसम्बन्धी धारणात्मक, प्रयोगात्मक, संज्ञानात्मक सिप विकास गराउन चिठीलेखनको स्थान महत्त्वपूर्ण हुन्छ ।

## २.५ विद्यालय तहमा चिठी शिक्षणको प्रयोजन

चिठीलाई मूलतः लेख्य विधाकै रूपमा विद्यालयस्तरका पाठ्यपुस्तकमा समावेश गरिएको छ । लेखन सिप विकासका लागि विद्यालयमा विभिन्न किसिमका चिठीहरु राखिएका हुन्छन् । विद्यार्थीलाई घर व्यवहारका सन्दर्भमा प्रयोग गरिने घरायसी चिठीका बारेमा सिकाइन्छ । यस प्रकारका चिठीमा व्यक्तिगत कुराको प्रधानता रहन्छ ।

कार्यालयसम्बन्धी चिठी भन्नु नै निवेदन हो । विद्यार्थीहरुलाई निवेदन लेखनमा दक्ष बनाउँदा कुनै खास ढाँचाअनुसार लेख्न लगाइन्छ । व्यापारिक चिठीको प्रयोजन चाहिँ व्यावसायिक कारोबार सन्चालन गर्न कुनै पक्ष वा व्यापारीले अर्को पक्ष वा व्यापारीलाई लेख्ने चिठीलेखन सिकाउनु हो । यसरी यी विविध खाले चिठीलेखन शैलीसँग विद्यार्थीहरुलाई परिचित गराउन र सोही अनुसार चिठीलेखन दक्ष बनाउनका लागि चिठीलाई पाठ्यपुस्तकमा समावेश गर्नु प्रमुख उद्देश्य हुन जान्छ ।

चिठी खास गरी लेखाइ सिपको विकासका लागि प्रयोगजनमा ल्याइने भएता पनि पाठ्यवस्तुमा राखिएका चिठीहरुको सस्वर तथा मौनवाचन गराएर पनि त्यसभित्रका खास कुरा बुझाउन सकिन्छ । यसबाहेक प्रश्नोत्तर गराएर चिठीसँग सम्बन्धित कुराहरुका विषयमा स्पष्ट पार्न सकिन्छ । विद्यार्थीलाई चिठीका धेरै नमुनाहरु प्रस्तुत गरी चिठीलेखन कार्यमा दक्ष बनाउनु पर्छ । चिठीलेखनबाट लखाइ सिप विकासमा सहयोग पुग्दछ र शब्दभण्डारको समेत बृद्धि हुन्छ । यसबाट सिर्जनात्मकता र मौलिकताको विकास गराउन र उपयुक्त भाषा तत्त्वको प्रयोगका लागि पनि मद्दत पुग्छ ।

चिठीलेखनको मुख्य उद्देश्य स्वतन्त्र र निर्देशित रूपमा लेखन सिप हाँसिल गर्नु हो । अति आवश्यकीय विषयवस्तुको बारेमा जानकारी लिन, मनमा लागेका विचार सम्बोध्य निकटमा पोख्न प्रयोग गरिने लिखित अभिव्यक्ति नै चिठीलेखन हो । चिठीलेखन अन्य विधाभन्दा पुरानो व्यावहारिक, प्रायोगिक तथा बौद्धिक चिठीलखनलाई भाषा तथा लेखन सिपका दृष्टिले विविध उद्देश्यका लागि उपयोग गर्न सकिन्छ । खासगरी लेखन क्षमता अभिवृद्धिका रूपमा यसको शिक्षणमा मुख्य प्रयोजनहरु निम्नानुसार छन् :

(क) चिठी लेखन ढाँचासँग परिचित गराउनु,

(ख) आफ्नो मनको भाव सरल तरिकाले लेख्य रूपमा प्रस्तुत गर्न सक्ने क्षमता विकास गराउनु,

(ग) विभिन्न प्रकारका (निजी, व्यवसायिक, कार्यालयीय, निमन्त्रणा आदि जस्ता) चिठीहरु लेख्न सक्ने सिपको विकास गराउनु,

(घ) यसको मुख्य प्रयोजन लेखनकलाको समुचित विकास गर्नु,

(ङ)  स्वतन्त्र तथा सिर्जनात्मक लेखनको सु-सङ्गठित रूप पहिचान र अवलम्बन गर्न सिकाउनु,

(च)  सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै शब्दोच्चारण तथा अन्य भाषिक ज्ञानका लागि उपयोग गर्नु,

(छ)  स्थान र प्रसङ्ग अनुसार भाषिक शब्दावलीको प्रयोग गर्न सक्षम तुल्याउनु,

(ज)  स्पष्ट र शुद्ध रूपमा लेख्य अभिव्यक्ति गर्न सक्ने तुल्याउनु,

(झ)  चिठीको शिष्ट र उचित जवाफ लेख्न सक्षम तुल्याउनु,

(ञ)  टाढा टाढाका आफन्त मित्र र सम्बन्धित व्यक्तिसँग सम्बन्ध स्थापना गर्न र आफूलाई लागेका विचार साटासाटगर्न सक्ने तुल्याउनु,

## २.६ विद्यालयका निम्न माध्यमिक तहका विभिन्न पाठ्यक्रमहरुमा चिठीको स्थान र शिक्षण प्रक्रिया

चिठी लेखन शिक्षणको कार्यकलाप हो । यो विधा विद्यालयका प्रारम्भिक तहदेखि कै पाठ्यक्रममा समावेश गरिएको छ । यसको मुख्य ध्येय लेखाइसँग सम्बन्धित सिर्जनात्मक क्षमता विकास गराउँदै भाषाको मानक रूपसँग परिचित गराउनु हो । विद्यालय तहका वर्तमान पाठ्यक्रमहरुमा स्वतन्त्र र छोटा रचनाहरु अन्तर्गत चिठीलाई समेटिएको पाइन्छ । विद्यालयको निम्न माध्यमिक तहका पाठ्यक्रमहरुमा चिठी विधाको स्थान र शिक्षण प्रक्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.६.१ निम्न माध्यमिक पाठ्यक्रम, २०६४ (दो.सं.)

निम्न माध्यमिक पाठ्यक्रम २०६४ ले कक्षा छ, सात र आठ गरी जम्मा तीनवटा कक्षाहरुलाई निम्न माध्यमिक तह मानेको छ । यस तहको पाठ्यक्रममा नेपाली विषयका विधागत क्षेत्र निर्धारणका क्रममा कथा, कविता, प्रबन्ध/निबन्ध, रूपक, जीवनी, चिठी, व्याकरण र शब्द भण्डार जस्ता विधाहरुलाई समेटेको छ । निम्न माध्यमिक तहको अन्त्यमा उपयुक्त हिज्जे र वाक्य गठन मिलाई शुद्धसँग लेख्न, आफ्नो रुचिअनुसारका

विषयमा मौलिक रचना गर्न सक्षम हुनु लगाउतका उद्देश्य राखिनुले लेखाइ सिपसम्बन्धी क्षमता बढाउन पाठ्यक्रमले विशेष महत्त्व दिएको देखिन्छ ।

पाठ्यक्रमको विधागत वितरणलाई हेर्दा अन्य विधासरह नै चिठी तथा निवेदनलाई पनि समावेश गरिएको छ । जसअन्तर्गत घरायसी र कार्यालयीय चिठी समावेश गरिएको छ कार्यालयीय भन्नाले विद्यालय र अन्य कार्यालयसँग सम्बद्ध निवेदन र व्यापरिक प्रयोजनाका लागि प्रयोग गरिने चिठीलाई समेत बुझाउने छ भनी स्पष्ट पारिएको छ । कक्षा छ, सात र आठमा चिठीको पाठ्य सङ्ख्या दुई र अङ्कभार पाँच निर्धारण गरिएबाट चिठीलेखनलाई पाठ्यक्रमले महत्त्वका साथ हेरेको छ भन्न सकिन्छ ।

यसैगरी चिठी विधाको प्रमुख प्रयोजन विद्यार्थीहरुमा स-साना रचनाहरु सिलसिला मिलाई लेख्ने क्षमताको विकास गर्नु हो । चिठी शिक्षण गर्दा पाठमा प्रयुक्त चिठीलाई नुमनाका रूपमा उपयोग गरी तिनको ढङ्ग ढाँचा र विभिन्न अङ्कको सोदाहरण परिचयसमेत दिनुपर्छ । साथै खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपम चिठीलेखनको अभ्यास गराउनु आवश्यक छ । यसका अतिरिक्त गद्यांशको सस्वरपठन, बुँदागत टिपोट, सारांश, भावविस्तार, शब्दोच्चारण, कठिन शब्दको अर्थ पहिचान र वाक्यमा प्रयोग, श्रुतिलेखन, अनुलेखन तथा अभ्यास गराउनु आश्यक छ ।

### २.६.२ आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९

नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरले आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ अगाडि सारेको पाइन्छ । शिक्षा नियमावलीको चौथो संसोधन (२०६६/०५/१६) ले कक्षा १-८ लाई आधारभूत तह मानेको छ । विद्यालय क्षेत्र सुधार योजना कक्षा १-८ लाई आधारभूत तहको रूपमा विकास गर्ने नीतिगत व्यवस्था गरेको पाइन्छ । २०६७/०३/२० को राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को निर्णय अनुसार आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) को पाठ्यक्रम संरचना तयार पारेको हो ।

यस पाठ्यक्रमको ढाँचा अनुसार नेपाली विषयको साप्ताहिक पाठ्यभार ५ र पूर्णाङ्क १०० निर्धारण गरेको छ । विधाको क्षेत्र र क्रम तालिका अनुसार प्रबन्ध/निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, कार्यमूलक व्याकरण तथा शब्दभण्डार र उखान

टुक्काको समावेश गरेको छ । यी विभिन्न विधागत क्षेत्रमध्ये चिठी अन्तर्गत घरायसी

टुक्काको समावेश गरेको छ । यी विभिन्न विधागत क्षेत्रमध्ये चिठी अन्तर्गत घरायसी र कार्यालयीय चिठी पर्दछन् । कार्यालयीय चिठी भन्नाले विद्यालय र अन्य कार्यालयसँग सम्बद्ध निवेदन समेत बुझिने छ भनी किटान गरेको पाइन्छ ।

आधारभूत तहका कक्षा ६, ७ र ८ तिनै कक्षामा २/२ वटा चिठीका पाठ समावेश गरेको पाइन्छ । यसरी विभिन्न विधाका पाठहरु समावेश गर्दा विषय क्षेत्र र अभिव्यक्तिगत विविधताका बिच सन्तुलन, भाषाको समसामयिक प्रयोग, स्तर, रुचि आदिलाई ध्यान दिइने छ भनेर किटान गरिएको छ । साथै चिठी लेख्य विधा भएकाले यस अन्तर्गत घरायसी चिठी र कार्यालयीय निवेदन लेखन अभ्यास गराउनु पर्दछ । यस तहमा विदा, छात्रवृत्ति, कार्यक्रममा सहभागिता, गुनासो निमन्त्रणा पत्र, शुभकामना, बधाइ, समवेदना तथा सामग्री माग सम्बन्धी विषयवस्तु समेट्नु उपयुक्त हुने छ । यस क्रममा पाठमा प्रयुक्त चिठी तथा निवेदनको सिकाइ गर्दा तिनलाई नमुनाका रूपमा उपयोग गरी तिनको ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिनुपर्ने कुरा निर्देश गरिएको छ ।

कक्षा ८ को वार्षिक परीक्षा निर्णयात्मक मूल्याङ्कनद्वारा हुने छ तर सिकाइ सहजीकरण प्रक्रिया सन्चालन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने छ । भाषिक सिप परीक्षणको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ भने कक्षा ८ को वार्षिक परीक्षामा २५ प्रतिशत सुनाइ र बोलाइको प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने छ । जे जस्तो भए तापनि भाषिक मूल्याङ्कनको क्षेत्र र अङ्कभार वितरण गर्दा विधागत आधारमा क्षेत्र छनोट गर्दा निर्देशित रचनाका सन्दर्भमा मात्र चिठी विधा छनोट गरी अङ्कभार ४ निर्धारण गरिएको छ ।

## २.७ सारांश

निम्न माध्यमिक पाठ्यक्रम २०६४ अनुसार चिठीलेखन सम्बन्धी प्रश्नलाई ५ अङ्क प्रदान गरी राखिएको छ । यस कुराको विद्यालय तहमा चिठीलेखन सम्बन्धी अध्ययन अध्यापनलाई विशेष महत्त्वका साथ हेरिएको सङ्केत गर्दछ । चिठीलेखनबाट विद्यार्थीहरुमा नेपाली भाषाको मानक लेखन क्षमता बढाउँदै लैजान सहज हुन्छ । यसरी लेखन क्षमताको मनोवैज्ञानिक तवरले विकास गर्दै लैजान चिठीलेखन प्रक्रियाले

सकारात्मक भूमिका खेल्ने हुँदा विद्यालयका निमावि तहका पाठ्यक्रममा चिठी विधा शिक्षण तथा चिठीलेखन शिक्षण दुवै पक्षमा विशेष रूपमा ख्याल गरिएको पाइन्छ ।

आधारभूत शिक्षा पाठ्यक्रम (६-८) २०६९ अनुसार चिठीलाई लेखनविधा अन्तर्गत राखी भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकासमा सहयोगी हुने ठहर गरिएको छ । विशेषतः चिठी विधा लेखन कलासँग नै सम्बन्धित विधा हो । नेपाली विषयको प्रतिहप्ता  पाठ्यभार ५ र वार्षिक पाठ्यभार १७५ घन्टी हुने भनी उल्लेख छ । प्रत्येक कक्षामा २/२ वटा चिठ विधाका पाठ समावेश गर्नु चिठी विधा सम्बन्धी महत्त्व प्रदान गरेको नै भन्न सकिन्छ । मूल्याङ्कनको क्षेत्र र अङ्कभार वितरणमा शब्दभण्डार, वर्णविन्यास, व्याकरण र बोधलाई अलग्याएर हेर्दा निर्देशित रचनाका लागि मात्र चिठी छनोट र अङ्कभार ४ निर्धारण गर्नु न्यायोचित देखिँदैन ।

## अध्याय तिन

# अध्ययन विधि/प्रक्रिया

कुनै कार्य सम्पन्न गर्न निश्चित विधि वा प्रक्रिया अवलम्बन गर्नु जरुरी छ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिँदैछ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधिको विवरण शोधको महत्त्वपूर्ण विषय हो । यस सन्दर्भमा अध्ययन र विश्लेषणको सैद्धान्तिक आधार र तथ्य सङ्कलन विधिबारे स्पष्ट उल्लेख हुनुपर्दछ (बन्धु, २०६५ : २०) । त्यसैले कुनै पनि अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी ढङ्गले अध्ययन विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि खास किसिमको तौर तरिका वा प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ त्यसैलाई उक्त अनुसन्धानको विधि भनिन्छ ।

प्रस्तुत अध्ययन रामेछाप जिल्ला कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमतासँग सम्बन्धित रहेको हुनाले यस अध्ययनलाई पूर्णता प्रदान गर्न, आवश्यक तथ्य सङ्कलन गर्न मुख्य गरी प्राथमिक स्रोतको उपयोग गरिएको छ । त्यसैगरी थप आवश्यक तथ्याङ्क प्राप्त गर्न द्वितीय स्रोतबाट समेतको उपयोग गरिएको छ । अध्ययनलाई सार्थक निष्कर्षमा पुऱ्याउन क्षेत्रीय अध्ययन विधि पुस्तकालयीय विधि तथा वर्णनात्मक विधिको मुख्य प्रयोग गरिएको छ । समग्र अध्ययनको विधि वा प्रक्रिया निम्नानुसार रहेको छ :

## ३.१ जनसङ्ख्या र प्रतिनिधि नमुना

प्रस्तुत अध्ययनको नमुना जनसङ्ख्या छनोटको लागि शैक्षिक सत्र २०७१ मा कक्षा आठमा अध्ययनरत चार वटा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा लिइएको छ । उक्त चार वटा विद्यालयका कक्षा आठका विद्यार्थीहरुमध्ये प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा ४० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरु

प्रस्तुत अध्ययनलाई विश्वसनीय र वैध रूपले उद्देश्य परिपूर्तिका लागि प्राथमिक स्रोत र द्वितीय स्रोत दुबैको आधारमा सामग्री निर्माण गरी अध्ययन अनुसन्धान गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा मुख्य गरी क्षेत्रीय अध्ययन विधिको उपयोग गरी प्राथमिक स्रोतको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । यस क्रममा रामेछाप जिल्लाका चारवटा सामुदायिक विद्यालयका १०/१० जना विद्यार्थी पर्ने गरी जम्मा ४० जना विद्यार्थीसँग प्रत्यक्ष भेटी चिठीको शीर्षक युक्त प्रश्नका आधारमा चिठी लेखन कार्य गरिएको छ । उक्त विद्यार्थीहरुको उत्तर पुस्तिका सङ्कलन गरी परीक्षण र अङ्कन गरिएको छ ।

### ३.२.२ द्वितीय स्रोत

प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कका अलावा थप तथ्य प्राप्त गर्न द्वितीय स्रोतको समेत उपयोग गरिएको छ । यसक्रममा पाठ्यसामग्री पत्रपत्रिका, शोधपत्र, सन्दर्भपुस्तकहरु आदिलाई आधार बनाई थप अध्ययन गरी आवश्यक तथ्य सङ्कलन गरिएको छ ।

## ३.३ सामग्रीको निर्माण

प्रस्तुत अध्ययनका लागि सामग्रीको रूपमा खासगरी प्रश्नपत्र नै उपयुक्त ठहर गरी अध्ययनको शीर्षक र विद्यार्थीको स्तर अनुसार समसामयिक विषयमा आधार बनाई विभिन्न प्रकारका चिठी लेख्न लगाई ती मध्ये विद्यार्थीलाई उनीहरुको रुचि अनुसारको शीर्षक छनोट गरी चिठी लेख्न लगाइएको छ ।

## ३.४ तथ्याङ्कको सङ्कलन

अध्ययनको तथ्याङ्क सङ्कलन गर्ने क्रममा शोध निर्देशकको सल्लाह/सुझाव अनुसार छनोटमा परेका सम्बन्धित विद्यालयमा गई विद्यालय प्रशासनसँग समन्वय गरी विषय शिक्षकको सहयोग लिइएको छ साथै प्रतिनिधि नमुनाको रूपमा छनोट गरिएका विद्यार्थीहरुलाई शीर्षक दिएर चिठी लेख्न लगाइएको छ । उक्त विद्यालयबाट विद्यार्थीले लेखेका चिठी सङ्कलन गरी शोध निर्देशकको सुझावमा सम्पूर्ण चिठीलाई छ्यासमिस (मिसाएर) चिठी लेखन क्षमताको प्रक्रियागत रूपमा अङ्कन गरियो । उक्त उत्तरपुस्तिकालाई अङ्कन गर्ने प्रक्रियाको रूपमा आरम्भ (आदि) लाई अङ्क दुई,

विषयवस्तु (मध्यभाग) लाई अङ्क तिन, समापन (अन्त्य) लाई अङ्क दुई, भाषिक शुद्धतालाई अङ्क दुई र खामको नमुनालाई अङ्क एक गरी जम्मा दश अङ्क निर्धारण गरिएको थियो ।

## ३.५ तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत अध्ययन लेखाइ सिपको विकाससँग बढी सम्बन्धित भएकाले विभिन्न चारवटा विद्यालयका छनोटमा परेका ४० जना विद्यार्थीहरुले लेखेका चिठी (उत्तर पुस्तिका) हरुलाई अङ्कन गरिएको प्राप्ताङ्कको आधारमा उद्देश्यसँग मेल खाने गरी तालिकीकरण समेत गरी व्यवस्थित गरिएको छ । विभिन्न शीर्षक र उपशीर्षक दिएर तालिका तथा स्तम्भचित्रमा समेत प्रस्तुत गरी तुलनात्मक रूपमा समेत तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रस्तुत गरी निष्कर्ष र सुझाव समेत प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

सुनेका, पढेका, देखेका, जानेका कुरालाई लिपिचिन्हद्वारा अभिव्यक्त गर्ने भाषिक कार्यकलापलाई लिखित अभिव्यक्ति/लेखाई भनिन्छ । त्यसैगरी पाठक वा स्रोताको अनुपस्थितिमा आफ्ना विचारलाई लिपिचिन्हद्वारा प्रस्तुत गर्ने उपायलाई लेखाई भनिन्छ (ढकाल र अन्य, १४८) । यसर्थ पनि नि.मा.वि. तहमा नेपाली भाषाका सिपहरुको विकास गर्ने विभिन्न विधाहरुलाई आधार सामग्रीको रूपमा अगाडि सारिएको छ । त्यसैले पनि लेखाइ सिपको विकासमा हरेक क्षेत्रका विधाहरुको आ-आफ्नै किसिमको महत्त्व रहन्छ । विद्यालयका तल्ला तहहरुमा जटिल संरचना भएका विधाको उपयोग नगरी सामान्य विधा जस्तै निबन्ध, कथा, चिठी/निवेदन आदिलाई माध्यम बनाउनुपर्ने कुरा पाठ्यक्रमले निर्देश गरेको छ । यी विभिन्न विधाक्षेत्रका विधामध्ये उक्त तहमा चिठी विधालाई समावेश गरी लेखाई सिपको विकास गर्न र लेखन कला परीक्षणका प्रमुख आधार समेत मानिँदै आएको पाइन्छ ।

प्रस्तुत अध्ययन रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता पहिचान गर्ने मूल उद्देश्यमा केन्द्रित छ । खासगरी लेखाइ सिपलाई आधार बनाई उक्त कक्षाका विद्यार्थीले चिठी लेख्दा के कस्ता त्रुटि वा कमजोरी प्रस्तुत गर्दछन् साथै छात्र र छात्रामा के कस्तो भिन्नता छ भनी पहिचान र अध्ययन गरिएको छ । जस्का लागि चारवटा सामुदायिक विद्यालयबाट १०/१० जना विद्यार्थीलाई नमुना जनसङ्ख्या मानी चिठी लेख्न लगाई परीक्षण पश्चात अङ्कन समेत गरियो । उक्त विद्यार्थीको प्राप्ताङ्क विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. १

## तथ्याङ्क संकलनका लागि छनोटमा परेका विद्यार्थीहरुको प्राप्ताङ्क विवरण

पूर्णाङ्क १०

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत (%) | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| 1= | शिवहरि खड्का | ठ | ठण | मन्थली उ.मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 2= | ओमकु. माझी | ड | डण | मन्थली उ.मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 3= | रूपेश नेपाली | छाछ | छछ | मन्थली उ.मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 4= | सागर पौडेल | घाछ | घछ | मन्थली उ.मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 5= | सुरज श्रेष्ठ | छ | छण | मन्थली उ.मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 6= | सुरुचि मगर | ठाछ | ठछ | मन्थली उ.मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 7= | इन्दिरा कार्की | ट | टण | मन्थली उ.मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 8= | निकिसा श्रेष्ठ | द्धाछ | द्धछ | मन्थली उ.मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 9= | अमृता पौडेल | द्ध | द्धण | मन्थली उ.मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 10= | पार्वती रानामगर | ट | टण | मन्थली उ.मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 11= | प्रदिप बादी | ट | टण | नाकन्या मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 12= | सुनिल माझी | द्धाछ | द्धछ | नाकन्या मा.वि. मन्थली | पुलिङ्ग |

| क.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत (%) | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| | | | | | (छात्र) |
| 13= | सन्जिब माझी | ट | टण | नाकन्या मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 14= | सूर्य माझी | टाछ | टछ | नाकन्या मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 15= | मुकेश शाह | टाछ | टछ | नाकन्या मा.वि. मन्थली | पुलिङ्ग (छात्र) |
| 16= | यशोधा घिमिरे | छ | छण | नाकन्या मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 17= | उमा ढुङ्गाना | टाछ | टछ | नाकन्या मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 18= | ममता माझी | द्ध | द्धण | नाकन्या मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 19= | सस्मिता माझी | द्धाछ | द्धछ | नाकन्या मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 20= | इन्द्रमाया मगर | छाछ | छछ | नाकन्या मा.वि. मन्थली | स्त्रीलिङ्ग (छात्रा) |
| 21= | उज्ज्वल कार्की | छाछ | छछ | भैरवी मा.वि. सुनारपानी | पुलिङ्ग (छात्र) |
| 22= | विजय खड्का | द्ध | द्धण | भैरवी मा.वि. सुनारपानी | पुलिङ्ग (छात्र) |
| 23= | भुवन मगर | टाछ | टछ | भैरवी मा.वि. सुनारपानी | पुलिङ्ग (छात्र) |
| 24= | कृष्ण ब. शिवभक्ति | घाछ | घछ | भैरवी मा.वि. सुनारपानी | पुलिङ्ग (छात्र) |
| 25= | कमल कार्की | छ | छण | भैरवी मा.वि. सुनारपानी | पुलिङ्ग (छात्र) |

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत (%) | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| 26= | देवीकुमारी शिवभक्ति | द्ध | द्धण | भैरवी मा.वि. सुनारपानी | स्त्रीलिङ्ग (छात्रा) |
| 27= | सिर्जना पुरी | ठाछ | ठछ | भैरवी मा.वि. सुनारपानी | स्त्रीलिङ्ग (छात्रा) |
| 28= | पार्वती कार्की | द्धाछ | द्धछ | भैरवी मा.वि. सुनारपानी | स्त्रीलिङ्ग (छात्रा) |
| 29= | निरुता बसेल | द्दाछ | द्दछ | भैरवी मा.वि. सुनारपानी | स्त्रीलिङ्ग (छात्रा) |
| 30= | सविना बसेल | द्धाछ | द्धछ | भैरवी मा.वि. सुनारपानी | स्त्रीलिङ्ग (छात्रा) |
| 31= | राम ब. रोका | द्धाछ | द्धछ | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | पुलिङ्ग (छात्र) |
| 32= | सुदीप कार्की | छ | छण | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | पुलिङ्ग (छात्र) |
| 33= | सुमन श्रेष्ठ | छाछ | छछ | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | पुलिङ्ग (छात्र) |
| 34= | दीपक कु. श्रेष्ठ | द्ध | द्धण | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | पुलिङ्ग (छात्र) |
| 35= | विष्णु तामाङ | टाछ | टछ | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | पुलिङ्ग (छात्र) |
| 36= | रहिना सिद्धिकी | छाछ | छछ | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | स्त्रीलिङ्ग (छात्रा) |
| 37= | शोभा अधिकारी | छ | छण | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | स्त्रीलिङ्ग (छात्रा) |
| 38= | गोमा श्रेष्ठ | द्ध | द्धण | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | स्त्रीलिङ्ग (छात्रा) |
| 39= | कल्पना बुढाथोकी | ठ | ठण | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | स्त्रीलिङ्ग (छात्रा) |

| क्र.सं. | विद्यार्थीको नाम | प्राप्ताङ्क | प्रतिशत (%) | विद्यालयको नाम | लिङ्ग |
|---|---|---|---|---|---|
| 40= | मिना मगर | टाछ | टछ | नील कण्ठेश्वर उ.मा.वि, कठजौर | स्त्रीलिङ्ग (छात्रा) |

प्रस्तुत तथ्याङ्कलाई साङ्ख्यिकीय विश्लेषणार्थ व्यवस्थित गरी प्राप्त तथ्याङ्कको मध्यमानलाई हेर्दा ५.३२ रहेको छ । त्यसैगरी १०० मा परिवर्तन गर्दा वा प्रतिशतमा देखाउँदाको मध्यमान ५३.२५रहेको छ । यसर्थ उक्त तथ्याङ्कका आधारमा व्याख्या विश्लेषणलाई व्यवस्थित बनाउन प्रतिशत गणनालाई मुख्य आधार बनाइएको छ । छनोटमा परेका चार सामुदायिक विद्यालयका ४० विद्यार्थीहरुको चिठी लेखन क्षमताको पहिचान गरी लैङ्गिक आधारमा छात्र र छात्राका बिच तुलना साथ त्रुटिका सम्भाव्य क्षेत्रका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएको प्रतिशताङ्क गणना विधि निम्नानुसार तय गरी अध्ययनलाई सार्थक निष्कर्षमा पुऱ्याइएको छ ।

**तालिका नं. २**

**प्रतिशत गणना विधि श्रेणीकरण तालिका**

| | | | | |
|---|---|---|---|---|
| नमुना छनोटका ४० जना विद्यार्थीलाई आधार मान्दा | २५ प्रतिशत भन्दा कम कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत | २६-५० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत | ५१-७४ प्रतिशत सम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत | ७५ भन्दा माथि प्रतिशत प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या र प्रतिशत |

## ४.२ समग्र विद्यार्थीको चिठीलेखन क्षमताको स्थिति

### ४.२.१ समग्र विद्यार्थीको प्रतिशताङ्क स्थिति

**तालिका नं. ३**


**प्रतिशतका आधारमा विद्यार्थीको चिठी लेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | २५ प्रतिशत भन्दा कम | | २६-५० प्रतिशत सम्म | | ५१-७४ प्रतिशत सम्म | | ७५ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्धण | ज्ञ | द्दाछ | ज्ञढ | द्धठाछ | ज्ञठ | द्धद्दाछ | घ | ठाछ |

प्रस्तुत तालिकालाई स्तम्भ चित्रमा देखाउँदा :

**स्तम्भ चित्र नं. १**

**प्रतिशतका आधारमा विद्यार्थीको चिठी लेखन क्षमता**




प्रस्तुत तालिका र स्तम्भ चित्रका आधारमा रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको पहिचान गर्दा छनोटमा परेका चार सामुदायिक विद्यालयका ४०  जना विद्यार्थीको प्राप्ताङ्क प्रतिशतका आधारमा चारवटा प्रतिशत गणना विधि श्रेणीकरण निर्धारण गरियो । जसअनुसार २५ प्रतिशत भन्दा कम चिठी लेखन क्षमता भएका विद्यार्थी १ जना रहेको छ भने जसको प्रतिशत २.५ हुन आउँछ । २६ देखि ५० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ रहेका छन् भने जसको प्रतिशत ४७.५ हुन आउँदछ । त्यसैगरी ५१ देखि ७४ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ जना रहेका छन् भने त्यसको ४२.५ प्रतिशत हुन आउँछ र

७५ प्रतिशत भन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ जना रहेका छन् जसको ७.५ प्रतिशत हुन आउँछ ।

समग्र प्रतिशत गणना श्रेणीकरण तालिकाका आधारमा विश्लेषण गर्दा २५ प्रतिशत भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी प्रतिशत, २.५ हुनुले विद्यार्थीमा चिठी लेखनको न्यूनतम जानकारी भएको कुरा प्रमाणित गर्न सकिन्छ भने उच्चतम अङ्क प्राप्त गर्ने प्रतिशत ७.५ रहेकाले सम्पूर्ण विद्यार्थीहरु चिठी लेखनमा सचेत र पूर्ण ज्ञान भएका नै छन् भन्न सक्ने अवस्था देखिँदैन । त्यसैगरी २६ देखि ५० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरु ४७.५ प्रतिशत भएकाले उक्त विद्यार्थीहरुको चिठी लेखन क्षमता औषतमा कमजोर नै छ भन्नुपर्ने हुन्छ । त्यसैगरी ५१ देखि ७४ प्रतिशत प्राप्ताङ्क ल्याउने विद्यार्थी प्रतिशत ४२.५ रहेकाले उक्त परिणामलाई आधार बनाउँदा चिठी लेखन क्षमता राम्रै मान्नु पर्ने हुन्छ । समग्रमा ४० विद्यार्थीमध्ये केही धेरै जान्ने, केही ज्यादै कम जान्ने विद्यार्थी पनि भेटिएका छन् भने औषत विद्यार्थीहरु मध्यमस्तरका र चिठी लेखन कलामा जान्ने नै रहेको देखियो ।

### ४.२.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनका सिलसिलामा रामेछाप जिल्लाका अध्ययनरत चार सामुदायिक विद्यालयका ४० जना विद्यार्थी छनोट गरी चिठी लेखन क्षमता पहिचान गरिएकोछ । उक्त विद्यार्थीको प्राप्ताङ्कको मध्यमान ५.३२ रहेको छ भने मानक विचलन १.२४ रहेको पाइन्छ । उक्त मध्यमान र मानक विचलन निम्न शूत्र र प्रक्रियाका आधारमा निकालिएको छ :

जम्मा विद्यार्थी सङ्ख्या ९ल० . ४०

जम्मा प्राप्ताङ्क ९□ह० . २१३

मध्यमान ९ ह̄० . रु

सूत्रअनुसार, ह̄ . क्ह/ल̄

$= \frac{\text{द्ज्ञघ}}{\text{द्धण}}$

= छाघद्द उत्तर (मध्यमान)

त्यसैगरी मानक विचलन निकाल्दा

प्राप्ताङ्कको वर्गफल ९□ह्ु०. ११९६.५

विद्यार्थी सङ्ख्या ९ल०. ४०

प्राप्ताङ्कको योगफल ९□ह०. २१३

मानक विचलन क्मर९□०. रु

दोस्रो सूत्र अनुसार

$९□० . \sqrt{\frac{\text{क्ह्ु ( ९क्ह०ु रले}}{\text{ल}}}$

$. \sqrt{\frac{\text{ज्ञज्ञढटाछ ( ९द्दज्ञघ०ु रद्धणे}}{\text{द्धण}}}$

$. \sqrt{\frac{\text{ज्ञज्ञढटाछ ( ९द्धछघटढाद्धण०}}{\text{द्धण}}}$

$. \sqrt{\frac{\text{ज्ञज्ञढटाछ ( ज्ञज्ञघद्धाद्दद्द}}{\text{द्धण}}}$

$. \sqrt{\frac{\text{टद्दाद्दठ}}{\text{द्धण}}}$

$. \sqrt{\text{ज्ञाछछ}}$

. ज्ञाद्दद्ध (मानक विचलन)

**तालिका नं. ४**

**मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरुको चिठीलेखन क्षमता**

| जम्मा विद्यार्थी | मध्यमान प्राप्ताङ्क | मानक विचलन | मध्यमान भन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्धण | छाघद्द | ज्ञाद्दद्ध | द्दण | छण | द्दण | छण |

प्रस्तुत तालिकामा प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा जम्मा ४० जना विद्यार्थीले १० पूर्णाङ्कको चिठी लेखनबाट प्राप्त कूल प्राप्ताङ्क २१३ रहेको छ । कूल प्राप्ताङ्क र विद्यार्थी सङ्ख्याका आधारमा यसको मध्यमान ५.३२ रहेको छ । त्यसैगरी उक्त तथ्याङ्कको मध्यमान देखिको औसत भिन्नता वा मानक विचलन १.२४ रहेको छ । यसैगरी मध्यमान भन्दा तल र माथि प्राप्ताङ्क ल्याउने ५०/५० प्रतिशत रहेको तथ्याङ्कले देखाउँदछ । यसरी हेर्दा रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको चिठीलेखन क्षमता मध्यम स्तरको नै रहेको कुरा प्रमाणित हुन्छ ।

प्रस्तुत तथ्याङ्कको मानक विचलन १.२४ रहेको छ । उक्त मानक विचलनका आधारमा तथ्याङ्कको एकरूपता र स्तरीय भिन्नता पहिचान गर्न सकिन्छ । विद्यार्थीहरुको चिठी लेखन क्षमता प्राप्त मनक विचलनका आधारमा एकरूपता छैन अर्थात् विद्यार्थीको क्षमता र स्तरका दृष्टिले सन्तुलित छैन ।

## ४.३ छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न नमुना छनोटमा परेका ४ विद्यालयका ४० जना विद्यार्थीहरु मध्ये २० जना छात्र रहेका छन् । उक्त २० जना विद्यार्थीहरु प्रत्येक विद्यालयबाट ५/५ जनाको दरले पर्ने गरी छनोट गरिएको हो । यसर्थ छात्र विद्यार्थीको चिठी लेखन क्षमता के कस्तो रहेको छ भन्ने कुरा निम्न तथ्याङ्कका आधारमा प्रस्तुत गरिएको छ ।

### ४.३.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति

**तालिका नं. ५**


**छात्र विद्यार्थीको चिठी लेखन क्षमता**

| जम्मा विद्यार्थी (छात्र) | २५ प्रतिशत भन्दा कम | | २६-५० प्रतिशत सम्म | | ५१-७४ प्रतिशत सम्म | | ७५ प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्दण | ( | ( | ढ | द्धछ | ज्ञण | छण | ज्ञ | छ |

प्रस्तुत तालिकालाई स्तम्भ चित्रमा देखाउँदा

**स्तम्भ चित्र नं. २**

**छात्र विद्यार्थीहरुको चिठी लेखन क्षमता**




प्रस्तुत तालिका र स्तम्भ चित्रलाई विश्लेषण गर्दा जम्मा नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको ४० जना विद्यार्थीमध्ये २० जना छात्र रहेका छन् । प्रतिशत गणना श्रेणीकरण तालिकाका आधारमा २५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने छात्र विद्यार्थी नरहेको स्थिति छ । २६-५० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने ९ जना विद्यार्थी रहेका छन् जुन ४५ प्रतिशत हुन आउँछ । त्यसैगरी क्रमशः ५१-७४ प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने ५० प्रतिशत र ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने ५ प्रतिशत छात्र विद्यार्थी रहेका छन् ।

समग्रमा रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीको चिठी लेखन क्षमता मध्यम भन्दा माथिरहेको पाइन्छ । खासगरी २५ प्रतिशत भन्दा तल शून्य सङ्ख्यामा रहनु र ५० प्रतिशत भन्दा माथि ल्याउने ५५ प्रतिशत रहनुले चिठी लखेन क्षमता राम्रो नै रहेको छ भन्नु पर्ने हुन्छ । २६.५० प्रतिशत ल्याउने ४५ प्रतिशत

विद्यार्थीलाई थप उपचारात्मक शिक्षण गरेमा छात्र विद्यार्थीको चिठी लेखनलाई राम्रो पार्न सम्भव छ ।

### ४.३.२ मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा २० जना छात्र विद्यार्थीहरु छनोट गरी अध्ययनलाई अगाडि बढाइएको छ । जम्मा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कूल प्राप्ताङ्क १०८.५ रहेको छ । जसको मध्यमान ५.३७ हुन आउँछ भने मानक विचलन १.१८ रहेको छ जसलाई निम्नानुसार निकालिएको हा ।

छात्र विद्यार्थीहरुको जम्मा प्राप्ताङ्क ९□ह० . १०८.५

जम्मा विद्यार्थी सङ्ख्या ९ल० . २०

मध्यमान ९ ह̄० . रु

सूत्रअनुसार $\bar{\text{ह}} . \frac{\text{क्ह}}{\text{ल}}$

$= \frac{\text{ज्ञण्डा।छ}}{\text{द्दण}}$

= छाद्धद्द उत्तर (मध्यमान)

त्यसैगरी मानक विचलन निकाल्दा

प्राप्ताङ्कको वर्गफल ९□ह᳚० . ६१६.७५

विद्यार्थी सङ्ख्या ९ल० . २०

प्राप्ताङ्कको योगफल ९□ह० . १०८.५

मानक विचलन क्मर९□० . रु

दोस्रो सूत्र अनुसार

$९□० \quad . \sqrt{\frac{\text{क्ह᳚ ( ९क्ह०᳚रले}}{\text{ल}}}$

$. \sqrt{\frac{\text{टज्ञटा।ठछ ( ९ज्ञण्डा।छ०᳚रद्दणे}}{\text{द्दण}}}$

. $\sqrt{\frac{\text{टज्ञटाठछ ( छडडाटज्ञ}}{\text{द्दण}}}$

. $\sqrt{\frac{\text{द्दडाज्ञद्ध}}{\text{द्दण}}}$

. $\sqrt{\text{ज्ञाद्धण}}$

. ज्ञाज्ञड (मानक विचलन)

**तालिका नं. ६**


**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति**

| जम्मा छात्र विद्यार्थी | जम्मा प्राप्ताङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्दण | ज्ञण्डाछ | छाद्धद्द | ज्ञाज्ञड | ढ | द्धछ | ज्ञज्ञ | छछ |

प्रस्तुत तालिकालाई स्तम्भ चित्रमा देखाउँदा

**स्तम्भ चित्र नं. ३**

**मध्यमानका आधारमा छात्र विद्यार्थीको चिठीलेखन क्षमता**



प्रस्तुत तालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा २० जना छात्रा विद्यार्थीहरुको जम्मा प्राप्ताङ्क १०८.५ रहेको छ । यसको मध्यमान ५.४२ हुन्छ । उक्त मध्यमानलाई आधार बनाउँदा मध्यमान भन्दा तल ९ जना विद्यार्थीहरु छन् जसको प्रतिशत ४५ हुन्छ भने मध्यमान भन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी ११ जना छन् जसको प्रतिशत ५५ हुन्छ । यसरी हेर्दा जम्मा २० जना छात्र विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कमा अधिकतम ८ अङ्क र न्यूनतम ३.५ अङ्क रहेको हुनाले विद्यार्थीको चिठी लेखन क्षमतामा एकरूपता देखिँदैन । त्यसैले केही विद्यार्थी अत्यन्त कमजोर र केही राम्रो रहेको तथ्यले प्रमाणित गर्दछ । समग्रमा मध्यमान भन्दा माथि अङ्क ल्याउने छात्र विद्यार्थी प्रतिशत ५५ हुनुले चिठीलेखन क्षमता सन्तोषजनक नै मान्न सकिन्छ ।

उपयुक्त तथ्याङ्कका आधारमा २० जना छात्र विद्यार्थीको प्राप्ताङ्कको मध्यमान देखिएको मानक विचलन १.१८ रहेको छ । यसर्थ मध्यमानले पूर्ण रूपमा प्रतिनिधित्व गर्न नसकेको कुरा मानक विचलनले सङ्केत गर्दछ । त्यसैले छात्र विद्यार्थीहरु बिच चिठीलेखन क्षमतामा सामान्य चिन्नता रहेको पाउन सकिन्छ । अतः मध्यमानभन्दा तल रहेका विद्यार्थीहरुलाई निदानात्मक शिक्षण गरी उनीहरुको स्तर बढाउन आवश्यक देखिन्छ ।

## ४.४ छात्रा विद्यार्थीहरुको चिठीलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनका लागि नमुना जनसङ्ख्या छनोट गरिएका ४० जना विद्यार्थीमध्ये २० जना छात्रा रहेका छन् । उक्त २० जना प्रत्येक विद्यालयबाट ५/५ जनाका दरले पर्ने गरी छनोट गरी चिठी लेखन क्षमता पहिचान गर्न आवश्यक पर्ने तथ्य सङ्कलन गरिएको छ । समग्रमा छात्रा विद्यार्थीको चिठी लेखन क्षमता के कस्तो रहेको छ भन्ने कुरा निम्न तथ्याङ्कका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

### ४.४.१ प्रतिशतका आधारमा छात्रा विद्यार्थीको चिठी लेखनको स्थिति

**तालिका नं. ७**


**छात्रा विद्यार्थीको चिठी लेखन क्षमता**

| जम्मा विद्यार्थी | २५ प्रतिशत भन्दा कम | | २६-५० प्रतिशतसम्म | | ५१-७४ प्रतिशतसम्म | | ७५ प्रतिशतभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्ण | ज्ञ | छ | ज्ञण | छण | ठ | घछ | द् | ज्ञण |

प्रस्तुत तालिकालाई स्तम्भ चित्रमा देखाउँदा :

**स्तम्भ चित्र नं. ४**

**छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमता**




प्रस्तुत तालिका र स्तम्भ चित्रको विश्लेषण गर्दा जम्मा ४० जना नमुना जनसङ्ख्यामध्ये २० जना छात्रा रहेका छन् । प्रतिशत गणना श्रेणीकरण तालिकाका आधारमा २५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने छात्रा विद्यार्थी ५ प्रतिशत रहेका

छन् । त्यसैगरी २६ देखि ५० प्रतिशतसम्म जम्मा १० जना विद्यार्थीहरु रहेका छन् जुन ५० प्रतिशत हुन्छ । क्रमशः ५१-७४ प्रतिशतसम्म ७ र ७५ भन्दा माथि २ जना रहेका छन् जसको प्रतिशत ३५ र १० रहेको छ ।

उक्त तथ्यलाई आधार मान्दा रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत छात्रा विद्यार्थीको चिठीलेखन क्षमतामा विविधता रहेको छ । केही विद्यार्थीहरु न्यून अङ्क ल्याउने र केही उच्च अङ्क ल्याउने पनि रहेकाले यो कुराको प्रमाणित गर्दछ । २६ देखि ५० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने ५० प्रतिशत छात्रा रहनुले समग्र चिठी लेखन क्षमता मध्यम रहेको देख्न सकिन्छ । ५० प्रतिशत भन्दा बढी ल्याउने ४५ प्रतिशत छात्रा विद्यार्थीलाई आधार मान्दा चिठी लेखन क्षता राम्रो नै देखिएपनि न्यून क्षमता भएकालाई माथि उठाउन थप रचनात्मक कार्यकलापका साथ प्रशस्त अभ्यास र पृष्ठपोषण प्रदान गर्नुपर्ने देखिन्छ ।

### ४.४.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमताको स्थिति

यस अध्ययनमा नमुना जनसङ्ख्या मानिएका ४० विद्यार्थीहरुमध्ये २० जना छात्रा विद्यार्थीहरु रहेका छन् । उक्त छात्र विद्यार्थीहरुलाई चिठी लेखन सम्बन्धी परीक्षण गरी गरिएको अङ्कनमा १०४.५ कूल प्राप्ताङ्क प्राप्त गरेका छन् । जुन प्राप्ताङ्कको मध्यमान ५.२२ रहेको छ भने मानक विचलन निकाल्दा १.२९ हुन आउँछ जसलाई निम्नानुसार निकालिएको छ :

छात्रा विद्यार्थीको जम्मा प्राप्ताङ्क ९ह० . १०४.५

जम्मा विद्यार्थी सङ्ख्या ९ल० . २०

मध्यमान ९ $\overline{ह}$० . रु

सूत्रअनुसार $\overline{ह} . \frac{क्ह}{ल}$

$= \frac{ज्ञण्द्धाछ}{द्दण}$

= छाद्दद्द उत्तर (मध्यमान)

त्यसैगरी मानक विचलन निकाल्दा

प्राप्ताङ्कको वर्गफल ९□ह्दि० . ५७९.७५

विद्यार्थी सङ्ख्या ९ल० . २०

प्राप्ताङ्कको योगफल ९□ह० . १०४.५

मानक विचलन क्मर९□० . रु

दोस्रो सूत्र अनुसार

९□० $. \sqrt{\frac{\text{क्ह्दि ( ९क्ह०दिरले}}{\text{ल}}}$

$. \sqrt{\frac{\text{छठढाठछ ( ९ज्ञण्ढाछ०दिरद्दण}}{\text{द्दण}}}$

$. \sqrt{\frac{\text{छठढाठछ ( ९ज्ञणढद्दणद्दछरद्दण०}}{\text{द्दण}}}$

$. \sqrt{\frac{\text{छठढाठछ ( छद्धटाण्ज्ञ}}{\text{द्दण}}}$

$. \sqrt{\frac{\text{घघाठघ}}{\text{द्दण}}}$

$. \sqrt{\text{ज्ञाटड}}$

. ज्ञाद्दढ (मानक विचलन)

**तालिका नं. ८**


**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति**

| जम्मा छात्र विद्यार्थी | जम्मा प्राप्ताङ्क | मध्यमान | मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्दण | ज्ञण्ढाछ | छाद्दद्द | ज्ञाद्दढ | ज्ञज्ञ | छछ | ढ | ढछ |

प्रस्तुत तालिकालाई स्तम्भ चित्रमा देखाउँदा

**स्तम्भ चित्र नं. ५**

**मध्यमानका आधारमा छात्रा विद्यार्थीको चिठी लेखन क्षमता**




प्रस्तुत तथ्याङ्क र स्तम्भ चित्रका आधारमा विश्लेषण गर्दा २० जना छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कूल प्राप्ताङ्क १०४.५ रहेको छ । उक्त प्राप्ताङ्कको मध्यमान ५.२२ र मानक विचलन १.२९ रहेको छ। प्राप्त मध्यमानलाई आधार बनाउँदा मध्यमान ५.२२ भन्दा तल प्राप्ताङ्क ल्याउने छात्रा विद्यार्थीहरु ११ जना रहेका छन् । जसको प्रतिशत ५५ हुन आउँछ। त्यसैगरी मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने छात्रा विद्यार्थी ९ जना रहेका छन् जुन ४५ प्रतिशत हो।

खासगरी २० जना छात्रा विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कमा अधिकतम ७.५ अङ्क र न्यूनतम २.५ अङ्क रहेको छ । यसर्थ विद्यार्थीहरुको प्राप्ताङ्कमा प्रशस्त विविधता हुनुले सम्पूर्ण (छात्रा) विद्यार्थीहरुमा चिठी लेखनको प्रयाप्त ज्ञान नभएको भन्न सकिन्छ । मध्यमान भन्दा तल ५५ प्रतिशत विद्यार्थी रहनु र न्युनतम अङ्क २.५ ल्याउनुले पनि छात्रा विद्यार्थीको चिठी लेखन क्षमता कमजोर नै रहेको प्रमाणित हुन्छ

भने ४५ प्रतिशत छात्रा विद्यार्थीहरुमा भने चिठीलेखनको क्षमता मध्यम उच्च रहेको देखिन्छ ।

तथ्याङ्कलाई आधार बनाई तथ्याङ्कीय विश्लेषण गर्दा २० जना छात्रा विद्यार्थीको मध्यमान ५.२२ देखि मानक विचलन १.२९ रहेको देखिन्छ । यसर्थ कुनै तथ्याङ्कको मध्यमानले उपयुक्त प्रतिनिधित्व गर्न सकेनसकेको मानक विचलनबाट थाहा पाउन सकिने भएकाले छात्रा विद्यार्थीहरुमा चिठी लेखन क्षमतामा प्रशस्त भिन्नता रहेको पाउन सकिन्छ । अर्थात् मध्यमानले पूर्ण रूपमा प्रतिनिधित्व गर्न नसकेको कुरा मानक विचलनले सङ्केत गर्दछ । त्यसैले मध्यमान भन्दा तल ५५ प्रतिशत छात्रा विद्यार्थी रहेकाले निदानात्मक विधिबाट शिक्षण गरी प्रशस्त चिठी लेखन अभ्यास र पृष्ठपोषण प्रदान गर्नुपर्ने देखिन्छ ।

## ४.५ छात्र र छात्रा विद्यार्थीहरु बिचको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनका क्रममा २० जना छात्र र २० जना छात्रा पर्ने गरी जम्मा ४० जना विद्यार्थीलाई आधार बनाई चिठी लेखन क्षमता पहिचान गरिएको थियो । उक्त दुबै समूहका विद्यार्थीहरुको चिठी लेखन कलालाई मापन तथा मूल्याङ्कन गरी अङ्कन गरी प्राप्त प्राप्ताङ्कको प्रतिशताङ्कका आधारमा निम्नानुसार तुलनात्मक अवस्था देख्न सकिन्छ :

**तालिका नं. ९**

**छात्र र छात्रा विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलनात्मक अवस्था**


| जम्मा छात्र/छात्रा विद्यार्थी सङ्ख्या | प्रतिशत गणना श्रेणीकरण | छात्र | | छात्रा | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| द्दण्द्दण . द्धण | २५ प्रतिशतभन्दा कम | ण | ण | ज्ञ | छ |
| | २६-५० प्रतिशतसम्म | ढ | द्धछ | ज्ञण | छण |
| | ५१-७३ प्रतिशतसम्म | ज्ञण | छण | ठ | घछ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७५ प्रतिशतभन्दा बढी | ज्ञ | छ | द्द | ज्ञण |
| जम्मा | | द्दण | ज्ञणण | द्दण | ज्ञणण |

प्रस्तुत तालिकालाई स्तम्भ चित्रमा देखाउदा

**स्तम्भ चित्र नं. ६**

**छात्र र छात्रा विद्‌यार्थीको चिठी लेखन क्षमता**




प्रस्तुत तथ्याङ्क र स्तम्भ चित्रका आधारमा विश्लेषण गर्दा जम्मा छनोट गरिएका ४० विद्‌यार्थीहरुमध्ये २० जना छात्र र २० जना छात्रा रहेका छन् । उक्त छात्र र छात्रा विद्‌यार्थीको चिठी लेखन क्षमताको तुलनात्मक अवस्था हेर्दा २५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने छात्र देखिँदैनन् भने ५ प्रतिशत छात्राहरुले २५ प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको देखिन्छ । यस आधारमा छात्रभन्दा छात्राहरु कमजोर रहेको देखिन्छ । त्यसैगरी २६ देखि ५० प्रतिशतसम्म प्राप्ताङ्क ल्याउने छात्र ४५ प्रतिशत छन् भने छात्रा ५० प्रतिशत रहेका छन् । यस आधारमा मध्यम स्तरसम्मको प्राप्ताङ्कले पनि चिठी लेखन क्षमतामा छात्र भन्दा छात्रा विद्‌यार्थी कमजोर छन् भन्न सकिन्छ । किनकि छात्र

४५ भन्दा छात्रा ५० प्रतिशत भएर सूचाङ्क बढी भए तापनि ५० प्रतिशत भन्दा कम प्राप्ताङ्क ल्याउनेमा छात्रा बढी भएकाले कमजोर रहेको तथ्यले प्रमाणित गर्दछ । ५१ देखि ७४ प्रतिशतको प्राप्ताङ्क श्रेणीमा ५० प्रतिशत छात्र विद्यार्थी रहेका छन् भने छात्रा ३५ प्रतिशत रहेका छन् । समग्रमा ५० प्रतिशत छात्र विद्यार्थीहरु चिठी लेखन क्षमतामा राम्रै रहेको देखिन्छ भने छात्र विद्यार्थी त्यसका तुलनामा थोर सङ्ख्यामा रहेका छन् । त्यसैगरी ७५ प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने छात्र ५ प्रतिशत र छात्रा १० प्रतिशत रहनुले उच्चतम अङ्क ल्याउन भने छात्र भन्दा छात्रा विद्यार्थी सक्षम रहेको प्रमाणित हुन्छ ।

उक्त तथ्याङ्क अनुसार समग्रमा छात्रा विद्यार्थी भन्दा छात्र विद्यार्थी चिठी लेखन क्षमतामा सक्षम देखिन्छन् । छात्रा विद्यार्थीको प्राप्ताङ्क प्रतिशत तथ्याङ्कलाई हेर्दा अत्यन्तै न्यून देखि उच्चतम अङ्क प्राप्त गर्न सफल देखिएकाले प्राप्ताङ्कमा विविधता रहेको देखिन्छ । छात्र विद्यार्थी भने समग्रमा मध्यम स्तरका रहेको देखिन्छ । यसरी हेर्दा छात्र भन्दा बढी छात्रालाई निराकरणात्मक शिक्षण गर्नुपर्ने देखिन्छ साथै उच्चतम अङ्क ल्याउने छात्रा विद्यार्थी तथा छात्र छात्राबिच सहयोगात्मक र सहकार्यका आधारमा प्रशस्त अभ्यास र पृष्ठपोषण प्रदान गर्ने वातावरण सिर्जना गर्नुपर्दछ ।

## ४.६ मध्यमान र मानक विचलनका आधारमा छात्र र छात्रा विद्यार्थीको चिठी लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा २० जना छात्र र २० जना छात्रा रहेका छन् । छात्र विद्यार्थीको कूल प्राप्ताङ्कको योगफल १०८.५ को मध्यमान ५.३६ र मानक विचलन १.१८ रहेको छ भने छात्रा विद्यार्थीको कूल प्राप्ताङ्कको योगफल १०४.५ को मध्यमान ५.२२ र मानक विचलन १.२९ रहेको छ । समग्रमा छात्र र छात्रा विद्यार्थीको चिठी लेखन क्षमताको तुलनालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १०**

**छात्र र छात्राबिचको चिठी लेखन क्षमताको तथ्याङ्कीय तुलनात्मक स्थिति**

| तुलनात्मक समुह | विद्यार्थी सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक | सहसम्बन्ध |
|---|---|---|---|---|---|---|
| छात्र | द्दण | छा।द्धद्द | छा।घद्द | ज्ञा।ज्ञड | ज्ञा।द्दद्ध | ण।ढज्ञ |
| छात्रा | द्दण | छा।द्दद्द | | ज्ञा।द्दढ | | |

प्रस्तुत तथ्याङ्कीय पक्षका आधारमा छात्र र छात्राको चिठीलेखन क्षमतालाई हेर्दा र समग्र मध्यमान ५.३२ लाई आधार बनाउँदा छात्रहरुको मध्यमान ५.४२ देखिन्छ जुन समग्र मध्यमानभन्दा बढी देखिन्छ । त्यसैगरी छात्राको मध्यमान ५.२२ समग्र मध्यमान ५.३२ भन्दा कम देखिएको छ । यसर्थ मध्यमानका आधारमा भने छात्र विद्यार्थी भन्दा छात्रा विद्यार्थी केही कमजोर रहेको पाउन सकिन्छ ।

त्यसैगरी मानक विचलनका आधारमा तुलना गर्दा समग्र मानक विचलन १.२४ हुँदा छात्रको मानक विचलन १.१८ छ भने छात्राको १.२९ रहेको छ । खासगरी मध्यमानले जति प्रतिनिधित्व गर्नुपर्ने हो त्यसमा समग्र मानक विचलन भन्दा छात्रको कम र छात्राको बढी रहेको देखिन्छ । त्यसैले पनि छात्रको भन्दा छात्राको प्राप्ताङ्कमा बढी फैलावट रहेको र पूर्ण रूपमा मध्यमानले प्रतिनिधित्व गर्न नसकेको देखिन्छ । यसर्थ केही मात्रामा भए पनि छात्रको भन्दा छात्राको चिठी लेखन क्षमतामा विविधता तथा कमजोरी रहेको छ भन्न सकिन्छ ।

छात्र र छात्रा विद्यार्थीको चिठी लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्दा तिनीहरुको सहसम्बन्ध गुणाङ्कलाई आधार बनाइ समेत विश्लेषण गर्न सकिन्छ । छात्र र छात्राको प्राप्ताङ्कलाई दुईवटा चलहरु मानी कार्ल पियर्सनको सहसम्बन्ध गुणाङ्क विधिबाट सहसम्बन्ध हेर्दा दुई चलहरुका बिचको सहसम्बन्ध ०.९१ हुन आउँदछ । सहसम्बन्धको मान +१ का बिच हुनुपर्ने सिद्धान्तका आधारमा उक्त दुई चरहरुबिच सार्थक भिन्नता छैन भन्ने नै देखिन्छ । तथापि छात्र र छात्राबिच चिठीलेखन क्षमतामा निरपेक्ष भिन्नता नभई सापेक्ष रूपमा मात्र भिन्नता रहेको पाउन सकिन्छ ।

अध्याय पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता सम्बन्धी प्राप्त तथ्याङ्कका आधारमा गरिएको अध्ययन विश्लेषण पश्चात् प्राप्त निष्कर्षलाई निम्नानुसार समेटिएको छ :

- उक्त विद्यार्थीहरुको चिठीलेखन क्षमता पहिचान गर्न छनोटमा परेका चार सामुदायिक विद्यालयका ४० जना विद्यार्थीको प्राप्ताङ्क प्रतिशतका आधारमा प्रतिशत गणना विधिस्वरूप चारवटा श्रेणी निर्धारण गरिएको छ ।
- पूर्णाङ्क १० मा आधारित विद्यार्थीहरुको प्राप्ताङ्कलाई तथ्याङ्कीय विश्लेषण गर्न तालिकीकरण गरी जम्मा विद्यार्थीको प्राप्ताङ्कको मध्यमान निकाल्दा ५.३२ रहेको छ भने प्राप्ताङ्कलाई प्रतिशतमा बदली प्रतिशताङ्क योगफलको मध्यमान ५३.२५ हुन आउँदछ ।
- समग्र विद्यार्थीहरुको प्रतिशताङ्क स्थितिको विश्लेषण गर्दा २६ देखि ५० प्रतिशत अङ्क ल्याउने ४७.५ र ५१ देखि ७४ प्रतिशत अङ्क ल्याउने ४२.५ प्रतिशत विद्यार्थी रहेका छन् । यसर्थ औषत विद्यार्थीहरुको चिठी लेखन क्षमता मध्यम रहेको पाइन्छ ।
- केही विद्यार्थीहरु ज्यादै कम जान्ने र केही धेरै जान्ने स्थिति रहेको प्राप्ताङ्कलाई आधार बनाउँदा विद्यार्थीको समस्याको पहिचान गरी निदानात्मक शिक्षण गर्नुपर्ने अवस्था देखिन्छ ।
- कूल प्राप्ताङ्क र विद्यार्थी सङ्ख्याका आधारमा प्राप्ताङ्कको मध्यमान ५.३२ रहेको छ । उक्त मध्यमानभन्दा तल र माथि ५०/५० प्रतिशत विद्यार्थी रहेको तथ्याङ्कले प्रमाणित गर्दछ । यसर्थ रामेछाप जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमता मध्यम स्तरको रहेको देखिन्छ ।

- सम्पूर्ण विद्यार्थीहरुको कूल प्राप्त तथ्याङ्कको मानक विचलन १.२४ रहेको छ । यसै आधारमा विद्यार्थीको चिठी लेखन क्षमतामा एकरूपता छैन अर्थात् क्षमता र स्तरका दृष्टिले सन्तुलित छैन ।
- छनोटमा परेको २० जना छात्र विद्यार्थीको प्राप्ताङ्कको तथ्याङ्कीय विश्लेषणलाई हेर्दा ५० प्रतिशतभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५५ प्रतिशत रहेका छन् । यसै आधारमा रामेछाप जिल्लाका छात्र विद्यार्थीको चिठी लेखन क्षमता राम्रो नै रहेको छ भन्नुपर्दछ ।
- २५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी नरहनु र ५० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने ४५ प्रतिशत छात्र विद्यार्थीलाई थप उपचारात्मक शिक्षण गरेमा चिठी लेखन क्षमतामा राम्रो बनाउन सकिन्छ ।
- छात्र विद्यार्थीको कूल प्राप्ताङ्क १०८.५ रहेको र यसको मध्यमान ५.४२ देखिन्छ । उक्त मध्यमानलाई आधार बनाउँदा मध्यमान भन्दा तल ४५ र माथि ५५ प्रतिशत विद्यार्थी रहेका छन् ।
- छात्र विद्यार्थीमध्ये अधिकतम अङ्क ८ र न्यूनतम अङ्क ३.५ रहेकाले चिठी लेखन क्षमतामा एकरूपता नदेखिए तापनि मध्यमान भन्दा माथि ५.५४ प्रतिशत विद्यार्थी हुनुले चिठीलेखन क्षमता सन्तोषजनक रहेको भन्न सम्भव छ ।
- छात्रा विद्यार्थीहरुको चिठीलेखन क्षमताको विश्लेषणलाई हेर्दा ५० प्रतिशत भन्दा तल अङ्क ल्याउने ५५ प्रतिशत विद्यार्थी रहेका छन् । त्यसै आधारमा औषत बढी छात्रा विद्यार्थी कमजोर नै देखिन्छन् ।
- छात्रा विद्यार्थीहरुमध्ये २५ प्रतिशतभन्दा तल ५ प्रतिशत र ७५ प्रतिशत भन्दा माथि १० प्रतिशत रहनुले केही छात्र विद्यार्थी न्यून स्तरका र केही उच्चतम स्तरका रहेकाले क्षमतागत विविधता रहेको पाउन सकिन्छ ।
- छात्र विद्यार्थीबिच सहभागितामूलक र सहयोगात्मक ढङ्गले शिक्षण गरी प्रशस्त पृष्ठपोषणसाथ उपचारात्मक शिक्षण गर्नुपर्ने स्थिति छ ।

- छात्रा विद्यार्थीको कूल प्राप्ताङ्क १०४.५ रहेको छ । यसको मध्यमान ५.२२ रहेको छ । यस आधारमा मध्यमान भन्दा तल ५५ र माथि ४५ प्रतिशत छात्रा विद्यार्थी रहेका छन् । यसर्थ मध्यमान भन्दा तल ५५ प्रतिशत र न्यूनतम अङ्क २.५ ल्याउने विद्यार्थी समेत रहेकाले छात्रा विद्यार्थीको चिठीलेखन क्षमता कमजोर रहेको पाउन सकिन्छ ।
- छात्रा विद्यार्थीको मानक विचलन १.२९ रहेको छ । यसै आधारमा मध्यमानले पूर्ण रूपमा प्रतिनिधित्व गर्न नसकेको मानक विचलनले प्रमाणित गर्दछ ।
- छात्र र छात्रा विद्यार्थीको प्राप्ताङ्कलाई आधार बनाउँदा समग्रमा छात्र विद्यार्थी नै सक्षम देखिन्छन् ।
- छात्रा विद्यार्थीको प्राप्ताङ्कमा विविधता भएको कारण न्यूनतम र उच्चतम प्रतिशत अङ्क प्राप्त गर्ने छात्रा नै रहेका छन् भने औषतमा बढी प्राप्ताङ्क ल्याउनेमा छात्र देखिन्छन् ।
- छात्र विद्यार्थीको प्राप्ताङ्कको मध्यमान ५.४२ हुँदा छात्रको ५.२२ छ त्यसैगरी छात्रको मानक विचलन १.१८ हुँदा छात्राको १.२९ रहेको देखिन्छ । यसर्थ छात्रको भन्दा छात्राको प्राप्ताङ्कमा बढी फैलावट रहेको र पूर्ण रूपले मध्यमानले प्रतिनधित्व गर्न नसकेको देखिन्छ ।
- छात्र र छात्रा विद्यार्थीको प्राप्ताङ्कलाई दुईवटा चलमानी सहसम्बन्ध निकाल्दा ०.९१ हुन आउँदछ । यस आधारमा छात्र र छात्राको चिठी लेखन क्षमतामा सार्थक भिन्नता छैन भन्न सकिन्छ । तथापि निरपेक्ष भिन्नता नरहेता पनि सापेक्ष रूपमा थोर धेर भिन्नता अवश्य रहेको देखिन्छ ।
- समग्रमा भन्दा छात्र भन्दा बढी छात्रा विद्यार्थीलाई चिठी लेखन सम्बन्धी निराकरणात्मक शिक्षण गर्नुपर्ने देखिन्छ । साथै उच्चतम अङ्क ल्याउने छात्रा विद्यार्थी तथा छात्रा छात्राबिच सहयोगात्मक र सहकार्यका आधारमा प्रशस्त अभ्यास र पृष्ठपोषण प्रदान गर्ने वातावरण सृजना गर्नुपर्दछ ।

## ५.२ सुझाव

प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्ष तथा अनुसन्धानको सान्दर्भिक अनुभवका आधारमा विद्यालय तहमा चिठी लेखनका साथै भाषिक सिप विकासका लागि निम्नानुसार सुझाव दिन सकिन्छ :

- चिठी लेखन लेखाइ सिप विकासको प्रमुख आधार भएकाले त्यसै अनुसार भाषा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी शिक्षण कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।
- विद्यालय तहमा नेपाली भाषा पाठ्यक्रम निर्माण गर्दा लेखन कलालाई मध्यनजर गरी चिठीलेखन शिक्षणमा जोड दिनुपर्दछ ।
- पाठ्यपुस्तक निर्माणका लागि पाठ्यपुस्तक छनोट गर्दा लेखन सिप विकास सम्बन्धित पर्याप्तता, उपयुक्तता र उपयोगिताको अध्ययन अनुसन्धान गरिनुपर्दछ ।
- नि.मा. तहमा चिठी विधा शिक्षणसँगै प्रशस्त अभ्यास खण्डको व्यवस्था गर्नुका साथै मूल्याङ्कन परिपाटीमा समेत मूल्याङ्कनको साधन निर्माण गर्दा चिठीलाई अनिवार्य समावेश गराउनु पर्दछ ।
- विद्यालयमा सन्चालन हुने अतिरिक्त र सहक्रियाकलापमा चिठी लेखनलाई समावेश गरी विद्यार्थीको लेखन क्षमता अभिवृद्धि गर्दै लैजानु पर्दछ ।
- चिठी लेखन शिक्षण गर्दा मूल्याङ्कनका चरणहरु आरम्भ, विष्यावस्तु (मध्यभाग) समापन, जस्ता चिठीका ढाँचा सम्बन्धी जानकारी गराई भाषिक शुद्धता सम्बन्धी सचेत गराउनुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा चिठी सम्बन्धी अभ्यासका अलावा थप समसामयिक विषय शीर्षकमा चिठी लेखन कार्य गर्नुपर्ने ।
- नेपाली विषयमा विशिष्टीकरण गरेका तालिम प्राप्त शिक्षकद्वारा नै नेपाली विषय शिक्षण गर्न प्रेरित गर्नुपर्ने ।

- चिठी लेखनमा केही विद्यार्थीहरु ज्यादै जान्ने र केही विद्यार्थीहरु ज्यादै कम जान्ने स्थित भएकाले कार्यगत अनुसन्धान समेत गरी निदानात्मक शिक्षण गर्नुपर्ने देखिन्छ ।
- विभिन्न विद्यार्थीहरुबिच सहभागितामूलक र सहयोगात्मक ढङ्गले एक अर्काबिच बसी सिक्ने वातावरण निर्माण र सहजीकरण गर्नुपर्ने ।
- विद्यार्थीमा लेखन कला सम्बन्धी अभ्यासहीनताको अन्त्य र अज्ञानतालाई निर्मूल गरी आवश्यक पृष्ठपोषण प्रदान साथ क्षमता अभिवृद्धि गर्नुपर्ने ।
- बढ्दो प्रवृद्धियुक्त सञ्चार माध्यमको बिचमा पनि चिठीको महत्त्व बुझाई विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गर्नुपर्ने ।
- चिठी शिक्षण कार्यकलाप सन्चालन गर्दा प्रशस्त शैक्षिक सामग्री र नमुना चिठी प्रयोग गरी विद्यार्थीका दीर्घकालीन र स्थायी प्रभाव/छाप पार्नुपर्ने देखिन्छ ।
- चिठी लेखन भाषा पाठ्यपुस्तकमा दिइएका अभ्यासमा मात्र सीमित नगरी समसामयिक अन्य विषय र शीर्षकसँग सम्बन्धित भएर लेखन कार्य गर्न विद्यार्थीलाई प्रोत्साहित गर्नु पर्दछ ।
- विद्यार्थी विद्यार्थीबिच लिङ्ग, जात, वर्ग, क्षमता, अवस्था आदिका कारण उत्पन्न हुने अन्तरविभेद अन्त्य गरी लेखन कलामा समान सहभागिता गराउनुपर्ने ।

## ५.३ शैक्षणिक प्रयोजन

चिठी लेखनकला विकास गराउने महत्त्वपूर्ण कार्यकलाप गराउन सम्भव विधा हो । चिठीका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता सिपको विकासमा धेरथोर सहयोग पुऱ्याउँदछ । तथापी विशेषगरी चिठी लेखन शिक्षणबाट भाषाको लेखाइ सिपको विकास गराउन सम्भव छ । भाषाका चार सिप एक अर्काप्रति अन्योन्याश्रित तथा अन्तर सम्बन्धित रहेका हुन्छन् । मानवीय ज्ञान तथा अनुभव विनिमय गर्दा भाषाको सहयोग चाहिन्छ त्यसका लागि भाषाका यी चार सिपको अभिवृद्धि हुनु जरुरी छ । प्रस्तुत अध्ययन पनि भाषाका सिपको विकाससँग सम्बन्धित भएकाले र अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा यसको शैक्षणिक प्रयोजन हुने ठहर गरी निम्न बुँदामा समेट्ने प्रयास गरिएको छ :

1= नेपाली भाषाको पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण र परिमार्जन प्रक्रियामा सहयोग पुग्ने देखिन्छ ।

2= भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पूरा हुने गरी विधाको छनोट र स्तरण गर्न मद्दत पुग्दछ ।

3= विद्यार्थीहरुमा लेखाइ सिप सम्बन्धी क्षमताको मूल्याङ्कन गरी थप कार्यकलाप निर्धारण गर्न सहयोग पुग्दछ ।

4= शिक्षण विधि र शैक्षिक सामग्रीको छनोट गरी प्रभावकारी शिक्षण गर्न आधार प्रदान गर्दछ ।

5= विद्यार्थीमा निहीत कठिनाइ स्तर र कमजोरीका क्षेत्र पहिचान र समाधानमा सहयोग पुग्ने देखिन्छ ।

6= भाषिक सिप विकासका सन्दर्भमा थप अध्ययन गर्न आधार प्रदान गर्दछ ।

7= शिक्षण सम्बन्धित समस्याको पहिचान गरी कार्यगत अनुसन्धानका आधारमा निराकरणात्मक शिक्षण गर्न मद्दत गर्दछ ।

## ५.४ भावी अनुसन्धानका लागि प्रस्तावित शीर्षकहरु

1= रामेछाप जिल्लाको माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन ।

2= रामेछाप जिल्ला कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन ।

3= कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन ।

4= कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन ।

5= निम्न माध्यमिक तहमा चिठी लेखन शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन ।

## सन्दर्भकृति सूची


अधिकारी, हेमाङ्ग राज (२०६३), **नेपाली भाषा शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ज.ब.रा., स्वयम् प्रकाश र अन्य (२०५८), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्ति प्रसाद र तीर्थराज खतिवडा (२०६८), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दाहाल (२०६०), **भाषा पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** काठमाडौं : एम.के. पब्लिसर्स ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), **हाम्रो नेपाली किताव (कक्षा ८),** सानोठिमी, भक्तपुर ।

........... (२०६४), **निम्न माध्यमिक पाठ्यक्रम** (दो.सं.), सानोठिमी, भक्तपुर ।

........... (२०६९), **आधारभूत शिक्षा पाठ्यक्रम (६-८),** सानोठिमी, भक्तपुर ।

बन्धु, चूडामणि (२०६५), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,** काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६६), **स्नातकोत्तर नेपाली शोध विवरण,** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लामिछाने, यादव प्रकाश (२०६२), **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादव प्रकाश र अन्य (२०६९), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६८), **नेपाली भाषा शिक्षणका सन्दर्भहरु,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**अप्रकाशित शोधग्रन्थहरुको सूची**


अधिकारी, सविता (२०६८), **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खतिवडा, काशीराज (२०६४), **कक्षा सात पूरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घर्ती, शशिराम (२०६९), **रुकुम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निरौला, दीपकबाबु (२०६२), **कक्षा नौ पूरा गरेका विद्यार्थीहरुको निबन्धलेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, निर्मला (२०७०), **कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

विष्ट, कमल बहादुर (२०६८), **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट (क)

## मूल्याङ्कन फाराम

पूर्णाङ्क १०

| क.सं. | मूल्याङ्कन आधार | अङ्क विभाजन |
|---|---|---|
| १ | चिठीको आम्भ (आदि भाग) | द्द |
| २ | विषयवस्तुको प्रस्तुति (मध्यभाग) | घ |
| ३ | चिठीको समापन (अन्त्य भाग) | द्द |
| ४ | भाषिक शुद्धता | द्द |
| ५ | खामको नमुना | ज्ञ |
| जम्मा अङ्कभार | | ज्ञण |

## परिशिष्ट (ख)

## प्रतिनिधि नमुना विद्यालय र विद्यार्थीहरुको नामावली

| | | | |
|---|---|---|---|
| श्री मन्थली उच्च माध्यमिक विद्यालय, मन्थली-२, रामेछाप | | | |
| क.सं. | छात्र विद्यार्थीहरुको नामावली | क.सं. | छात्रा विद्यार्थीहरुको नामावली |
| 1= | शिवहरि खड्का | 1= | सुरुचि मगर |
| 2= | ओमकुमार माझी | 2= | इन्दिरा कार्की |
| 3= | रूपेश नेपाली | 3= | निकिसा श्रेष्ठ |
| 4= | सागर पौडेल | 4= | अमृता पौडेल |
| 5= | सुरज श्रेष्ठ | 5= | पार्वती रानामगर |
| श्री नागकन्या माध्यमिक विद्यालय, मन्थली-५, रामेछाप । | | | |
| क.सं. | छात्र विद्यार्थीहरुको नामावली | क.सं. | छात्रा विद्यार्थीहरुको नामावली |
| 1= | प्रदीप बादी | 1= | यशोधा घिमिरे |
| 2= | सुनिल माझी | 2= | उमा ढुङ्गाना |
| 3= | सन्जिब माझी | 3= | ममता माझी |
| 4= | सूर्य माझी | 4= | सस्मिता माझी |
| 5= | मुकेश शाह | 5= | इन्द्रमाया मगर |

| श्री भैरवी माध्यमिक विद्यालय, सुनारपानी-४, रामेछाप | | | |
|---|---|---|---|
| क.सं. | छात्र विद्यार्थीहरुको नामावली | क.सं. | छात्रा विद्यार्थीहरुको नामावली |
| 1= | उज्ज्वल कार्की | 1= | देवीकमारी शिवभक्ति |
| 2= | विजय खड्का | 2= | सिर्जना पुरी |
| 3= | भुवन मगर | 3= | पार्वती कार्की |
| 4= | कृष्ण ब शिवभक्ति | 4= | निरुता बसेल |
| 5= | कमल कार्की | 5= | सविना बसेल |
| श्री नीलकण्ठेश्वर उच्च माध्यमिक विद्यालय, कमजोर-६, रामेछाप । | | | |
| क.सं. | छात्र विद्यार्थीहरुको नामावली | क.सं. | छात्रा विद्यार्थीहरुको नामावली |
| 1= | रामबहादुर रोका | 1= | रहिना सिद्धिकी |
| 2= | सुदिप कार्की | 2= | शोभा अधिकारी |
| 3= | सुमन श्रेष्ठ | 3= | गोमा श्रेष्ठ |
| 4= | दीपककुमार श्रेष्ठ | 4= | कल्पना बुढाथोकी |
| 5= | विष्णु तामाङ | 5= | मीना मगर |